# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासोरजिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७र९७६१८१५४०००र
९८४११५१२१७र९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक १८४ | काठमाडौं | आइतबार, ११ कात्तिक २०८१ | Prabhab National Daily | Sunday, October 27, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


कोप-२९ मा नेपाल

## जलवायु वित्तमा सहज पहुँच पुऱ्याउन 'लबिइङ'को तयारी

जलवायु वित्तमा नेपालजस्ता मुलुकको पहुँच पुग्न कठिन छ । विगतको कोपहरूमाझैं यसपटकको कोपमा पनि जलवायु वित्तमा सहज पहुँच हुनुपर्छ भनेर एजेन्डा लैजाने छौं ।

■ **डा. सिन्धुप्रसाद ढुंगाना**
**जलवायु व्यवस्थापन महाशाखा प्रमुख**

जलवायु परिवर्तनको असर तीव्र गतिमा बढिरहेकाले जलवायुजन्य हानि-नोक्सानी सम्बोधन गर्न प्रत्येक क्षेत्रगतरूपमा कुरा उठाउनुपर्छ । क्षेत्रअनुसार जलवायु परिर्वतन व्यवस्थापनमा ठूला लगानीको खोजी गर्नुपर्छ ।

■ **डा. धर्मराज उप्रेती**
**जलवायुविद्**

■ **प्रगति ढकाल**

**काठमाडौं–** आगामी नोभेम्बर ११ देखि २२ तारिख (यही कात्तिक २६ देखि मंसिर ७ गते) सम्म अरजरबैजानको बाकुमा हुन गइरहेको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धि (युएनएफसिसिसी) का पक्ष राष्ट्रहरूको २९औं सम्मेलन (कोप-२९) मा प्रस्तुत गरिने एजेन्डामाथि नेपालले छलफल गरिरहेको छ। कोप तयारीको मुख्य जिम्मेवार मन्त्रालय, वन तथा वातावरण मन्त्रालयले विभिन्न अन्तरसरकारी निकाय, तथा अन्य सरोकारवालाहरूसँग आगामी कोपका लागि उठान गरिने 'एजेन्डा' माथि छलफल गरिरहेको छ ।

विगतमा भन्दा अझै कोपलाई उपलब्धिमूलक बनाउन सबै सरोकारवालासँग समन्वय गरेर छलफल भइरहेको मन्त्रालयले जानकारी गराएको छ ।

(क्रमशः पृष्ठ २ मा)




### यी हुन् मुख्य एजेन्डा

जलवायुजन्य जोखिम न्यूनीकरण गर्न र मुलुकको समग्र हितका लागि सरकारले मुख्य छ वटा एजेन्डालाई उच्च प्राथमिकता दिएर तयारी थालिरहेको छ । वन तथा वातावरण मन्त्रालयका सहसचिव डा. बुद्धिसागर पौडेलले जलवायु वित्त, जलवायुजन्य हानि-नोक्सानी, न्यूनीकरण कार्बन व्यापार, उत्सर्जन मापन, पर्वतीय मुद्दा प्रविधि र क्षमता अभिवृद्धि, जलवायु परिवर्तन अनुकूलन, समावेशिताको छ वटा विषयगत कार्यपत्र तयार भएको जानकारी दिए ।

'नेपालको राष्ट्रिय स्थितिपत्र पनि तयार भएको छ, यसमा राष्ट्रिय अवधारणापत्र, जलवायु अनुकूलन, जलवायु वित्त, कृषि र खाद्य प्रणाली, स्वास्थ्य र जलवायु परिवर्तन, ऊर्जा संक्रमण र दक्षता, पानी र जलवायुजन्य कार्य, जलवायुका लागि प्रकृतिलगायतका विषयवस्तु समावेश गरिएको छ,' उनले भने, 'आगामी कोपलाई थप उपलब्धिमूलक बनाउन राम्रो तयारी भइरहेको छ, विभिन्न सरोकारवालाको धारणा पनि समावेश गरेर हामीले कोपको एजेन्डा तर्जुमा गरेका छौं ।'

गत वर्ष युएईको दुबईमा भएको कोप-२८ मा स्थापना गरिएको जलवायुजन्य हानि-नोक्सानीसम्बन्धी कोषको प्रभावकारी कार्यान्वयनका लागि पनि दबाब दिने पौडेलले जानकारी दिए । 'नेपालले जलवायु परिवर्तनसम्बन्धी पहिलो द्विवर्षीय पारदर्शिता प्रतिवेदन (बिटिआर) प्रतिवेदन तयार गर्ने कार्य भइरहेको छ,' उनले भने, 'नेपालको तेस्रो राष्ट्रिय निर्धारित योगदान तयारीका लागि बहुपक्षीय प्राविधिक समिति गठन भई कार्य अगाडि बढेको छ ।'

सडकमा प्रतिपक्षी दल

# सरकारलाई माओवादीको प्रश्नैप्रश्न





**प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रले शनिबार राजधानीमा आयोजना गरेको खबरदारीसभा र उक्त सभालाई सम्बोधन गर्दै अध्यक्ष पुष्पकमल दाहाल ।** *तस्बिरः रासस*

- नक्कली भुटानी शरणार्थी काण्ड कहाँ पुग्यो ? बाँसबारी, गिरिबन्धु, बालमन्दिरलगायत काण्डको छानबिन कहाँ पुग्यो ?
- भ्रष्टाचारमा प्रचण्ड देखापऱ्यो भने पनि समात्नूस् भन्ने मान्छेले अहिले अरु कोही पक्राउ पऱ्यो भने बचाउन सभा गर्नुपर्छ ?
- संसद् र सडकमा तपाईंहरूले त्यो प्रतिरोध देख्नुपर्ने छ, जसको तपाईंहरूले कल्पना गर्नुभएको छैन ।
- राजनीतिक पूर्वाग्रहले प्रतिपक्षीलाई मात्र गिरफ्तार गर्ने सरकारको तरिका ठीक छैन ।

■ **जेबी योञ्जन**

**काठमाडौं–** प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले केपी शर्मा ओली नेतृत्वको गठबन्धन सरकार 'कुशासन'मा रमाएको टिप्पणी गरेका छन् । दलालको घरमा मध्यरातमा ओली सरकार बनेको भन्दै उनले सुशासन कायम गर्नुपर्ने जनअपेक्षाविपरीत ओली सरकार कुशासनमा रमाएको आरोप लगाएका हुन् ।

सरकारले १०० दिन पार गरेकै दिन घोषणा गरेअनुसार शनिबार काठमाडौंमा जनप्रदर्शन गर्दै दाहालले सरकार ढाल्ने भयले भ्रष्टाचारीलाई संरक्षण नगर्न सरकारलाई चेतावनीसमेत दिए । 'अहिले सरकार ढाल्नका लागि खबरदारीसभा गरेको होइन । खबरदारीसभा घोषणा गर्नेबित्तिकै सत्तापक्षमा आतंक सिर्जना भयो कि सरकार आजै ढल्छ, भोलि नै ढल्छ, हामीले भनेका छैनौं उहाँहरूले नै भन्नुभएको छ,' उनले सरकारलाई सुझाउँदै भने, 'तपाईंहरू सरकार ढल्छ भन्ने डरले अझ बढी बेथितितिर नजानुहोला, भ्रष्टाचारीको संरक्षणतिर नजानुहोला ।'

दाहालले आफू नेतृत्वको पूर्ववर्ती सरकारले सुशासनको कदम चालेको तर हाल रोकिएको भन्दै चिन्ता प्रकट गरे । भुटानी शरणार्थी, गिरिबन्धु, बाँसबारीलगायत काण्डबारे उनले प्रश्नैप्रश्न गरे । 'नक्कली भुटानी शरणार्थी काण्ड कहाँ पुग्यो ? बाँसबारी, गिरिबन्धु, बालमन्दिरलगायत काण्डको छानबिन कहाँ पुग्यो ? यो प्रश्नको जवाफ दिने ल्याकत यो सरकारसँग छैन, किनभने यो सरकार यी काण्ड खोतल्न होइन, मिलाउन बनेको हो,' दाहालले भने ।

संसद् र सडक दुवैबाट सुशासनको अभियानबारे सरकारसँग जवाफ मागिने पनि बताए । उनले भने, 'संसद् र सडकमा तपाईंहरूले त्यो प्रतिरोध देख्नुपर्ने छ, जसको तपाईंहरूले कल्पना गर्नुभएको छैन ।' दाहालले भ्रष्टाचारमा आफू संलग्न भएको कहींकतै सुइंको मात्रै पाए गिरफ्तार गर्न ओलीलाई चुनौती दिए । तर, सहकारी ठगी र संगठित अपराधसम्बन्धी कसुरमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई आफूले नबचाएको प्रस्टीकरण दिए । (क्रमशः पृष्ठ २ मा)

### 'सहकारी ठगीमा सत्ता र प्रतिपक्ष हेरिन्न'



**काठमाडौं (प्रस)–** सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले सहकारी ठगी प्रकरणमा रवि लामिछानेमात्रै नभई संसदीय समितिले अनुसन्धान गर्नुपर्ने भनिएका सबैमाथि अनुसन्धान हुने बताएका छन् ।

सहकारी ठगी प्रकरणमा मुछिएका नेपाली कांग्रेसका उपसभापतिसमेत रहेका सांसद धनराज गुरुङ र नेकपा एमालेका सांसद तथा सार्वजनिक लेखा समिति सभापति ऋषिकेश पोखरेललाई अनुसन्धानको दायरामा नल्याएपछि (क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

## अवैधरूपमा विदेशमा कार्यरत श्रमिकलाई श्रम स्वीकृति दिइने

■ **मोहनप्रसाद पन्त**



**काठमाडौं–** सरकारले वैदेशिक रोजगारीका लागि अवैधरूपमा पुगेर विदेशमा काम गरिरहेका नेपाली कामदारलाई श्रम स्वीकृति दिने भएको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले आफ्नो १०० दिने उपलब्धि सार्वजनिक गर्न शुक्रबार आयोजित पत्रकार सम्मेलनमा उक्त जानकारी दिएका हुन् ।

मन्त्री भण्डारीले वैदेशिक रोजगार क्षेत्रमा रहेका जटिलतालाई सरलीकृत र सहजीकरण गर्ने उद्देश्यले विदेशमा काम गरिरहेको अवस्थामा श्रम स्वीकृति नभएका नेपाली कामदारलाई श्रम स्वीकृति प्रदान गर्ने नीतिगत निर्णय गरेको जानकारी दिए । 'कुनै पनि नेपाली संसारको जुनसुकै ठाउँमा गएर काम गरिरहेको छ भने, त्यो मुलुकले वैधानिकरूपमा काम गराइरहेको छ भने, नेपालले आफ्ना नगारिकलाई अवैध कामदार बनाउनु हुँदैन,' उनले भने, 'जसले श्रम स्वीकृति लिएर गएका छैनन्, उनीहरूलाई कानुनी मान्यता दिइएको छैन, जसका कारण राज्यले दिनुपर्ने सुविधाबाट बञ्चित छन्, यस्तो अवस्थाको अन्त्य गर्न सन् २०२४ को सेप्टेम्बरलाई 'कटअफ पोइन्ट' बनाएर श्रम स्वीकृति दिने व्यवस्था गरिँदै छ ।'

कोही पनि नेपाली विदेशमा त्यहाँको नियमअनुसार नै काम गरिरहेका छन् भने उनीहरूको आवश्यकताअनुसार सम्बन्धित नेपाली नियोगहरूमा श्रम स्वीकृतिका लागि आवेदन दिनसक्ने र सामाजिक सुरक्षालगायतका अन्य प्रावधानहरू पूरा गरेर श्रम स्वीकृति लिन पाइने निर्णय भएको मन्त्री भण्डारीले बताए । तर, यसको कार्यान्वयनमा केही प्राविधिक समस्या रहेकाले त्यसको निराकरण कसरी गर्ने भन्नेमा मन्त्रालयले काम गरिरहेको उनको भनाइ छ । 'नयाँ श्रम स्वीकृति लिँदा अनिवार्य बायोमेट्रिक गर्नुपर्ने हुन्छ, त्यसका लागि सम्बन्धित नियोगहरूमा मेकानिजम नभएकाले मन्त्रालयले एउटा टेक्निकल कमिटी बनाएर बायोमेट्रिक गराएर श्रम स्वीकृति दिने व्यवस्था मिलाउँदै छ,' मन्त्री भण्डारीले भने । यस्तै महिला कामदारको पुनःश्रम स्वीकृतिमा पनि सहजीकरण गर्ने नीतिगत निर्णय गरिएको उनले जानकारी दिए । विभिन्न माध्यमबाट वैदेशिक रोजगारीका लागि विदेसिएका नेपाली महिला कामदारहरूलाई स्वदेश फर्किएर पुनः रोजगारीका लागि विदेश जान पुनः श्रम स्वीकृति दिने व्यवस्था मिलाइएको मन्त्री भण्डारीले बताए ।

यस्तै वैदेशिक रोजगारमा संलग्न कामदारको मृत्यु भएमा दिइने क्षतिपूर्तिलाई सात लाखबाट १० लाख रूपैयाँ पुऱ्याइएको, सातै प्रदेशमा वैदेशिक रोजगार विभाग र इजाजतपत्रवाला (म्यानपावर)को शाखा विस्तार गरिएको, पोखरा र भैरहवामा रहेको विमानस्थलबाट अन्तर्राष्ट्रिय उडानमा सहजीकरण गर्न श्रम स्वीकृति प्रदान गर्ने व्यवस्था मिलाइएको, श्रम स्वीकृति नलिई वैदेशिक रोजगारमा रहेकालाई वैधानिकीकरण गरिएको, स्पेन, दक्षिण कोरिया, मलेसिया, ओमान र युएईसँग श्रम सम्झौता गर्ने अन्तिम चरणमा पुगेको, जापान, जर्मनी र रोमानियासँग कामदार पठाउने सम्बन्धमा संयुक्त प्राविधिक समिति निर्माण गरिएको, सबै स्थानीय तहबाट एकीकृत श्रम तथा रोजगार सेवा र प्रविधिमा विस्तार गरिएको, सामाजिक सुरक्षा कोषमा आबद्ध कामदारका छोराछोरीलाईसमेत बिमाको व्यवस्था गरिएको र आन्तरिक रोजगार महाशाखा स्थापना तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको पुनर्संरचना गर्न निर्देशिका तयार गरिएको मन्त्री भण्डारीले आफ्नो कार्यकालको १०० दिनमा भएका महत्त्वपूर्ण उपलब्धिको रूपमा समेटेका छन् ।

त्यसैगरी वैदेशिक रोजगार बोर्डको भूमिका र संरचना सुधारलगायत आप्रवासन कल्याणकारी कार्यका सम्बन्धमा पनि मन्त्रालयले आवश्यक क्रियाकलाप गरिरहेको मन्त्री भण्डारीले बताए। यसका लागि पूर्वसचिव प्रताप पाठकको संयोजकत्वमा कार्यदल गठन भई अध्ययन प्रतिवेदन तयार भइरहेको उनले जानकारी दिए। यस्तै डा. गणेश गुरुङको संयोजकत्वमा गठित विज्ञ समितिबाट प्राप्त श्रम आप्रवासन नीतिको अन्तिम मस्यौदामाथि विभिन्न सरोकारवाला संस्था तथा नागरिकबाट आएको सुझावको अध्ययन भइरहेको मन्त्री भण्डारीले बताए ।

आफ्नो १०० दिने कार्यकालमा वैदेशिक रोजगारीबाट फर्केका कामदारको सामाजिक र आर्थिक पुनःस्थापनाका लागि व्यावहारिक र कानुनी प्रावधानहरूको अध्ययन प्रतिवेदन प्राप्त भएको, नेपाली कामदारको हकहितका लागि श्रम सम्झौतामा राख्नुपर्ने विषयका सम्बन्धमा बृहत् छलफल र रणनीतिक सुझाव प्राप्त भई समझदारीपत्रको खाका तयार भएको, १६औं योजनाका लक्ष्य प्राप्तिका रणनीतिक योजना र प्रदेश र स्थानीय तहसँग छलफलको तयारी भइरहेको, संयुक्त अरब इमिरेट्स (युएई)सँग घरेलु कामदारसम्बन्धी नमूना आयोजना सञ्चालन गर्न द्विपक्षीय समझदारीपत्रको अन्तिम मस्यौदा तयार भएको विषयलाई मन्त्री भण्डारीले महत्त्वकासाथ प्रस्तुत गरे ।

(क्रमशः पृष्ठ २ मा)




## पृष्ठ १ बाट क्रमशः

### सरकारलाई...

उनले भने, 'तपाईंहरूलाई हेक्का रहोस्, भ्रष्टाचारको विषयमा यदि प्रचण्ड पनि देखापऱ्यो भने त्यसलाई पनि गिरफ्तार गर भनेको हो मैले । त्यतिबेलाको सिआइबीसँग त्यतिबेलाको गृहमन्त्री नारायणकाजी र म बसेर भनेका हौं, माओवादी पऱ्यो भने पनि समात्नूस् भनेको हो। अरू हैन, प्रचण्ड देखापऱ्यो भने पनि समात्नूस् भन्ने मान्छेले अहिले अरू कोही पक्राउ पऱ्यो भने बचाउन सभा गर्नुपर्छ ?'

ओलीले भने हरहालतमा रविलाई बचाउनुपर्छ भनेर संसदीय छानबिन समिति गठन नगराउन आफूमाथि दबाब बढाएको पनि दाहालले खुलासा गरे। यसपछि लामिछानेलाई निर्दोष भए नडराउन भनिएको बताए । 'रवि लामिछानेको कुरा चलिरहेको थियो। मैले तपाईं निर्दोष हुनुहुन्छ भने डराउनुपर्ने कारण के छ ? भनेको हो, रवि लामिछानेलाई पनि। त्यहीअनुसार बनोस् (समिति) भनेको हो । बन्न हुँदैन भन्ने केपी ओलीजी हो । रविलाई हरहालतमा बचाउनैपर्छ भन्ने केपी ओलीजी हो।'

सहकारी छानबिन संसदीय विशेष समितिले प्रतिवेदनलाई अन्तिम रूप दिने बेला माओवादी रास्वपाको पक्षमा उभिएको थियो। त्यसपछि संसद्देखि सडकमा पनि माओवादी रास्वपाप्रति नरम देखिएको छ। पछिल्ला दिनमा त माओवादी अध्यक्ष दाहालले रास्वपासहितका प्रतिपक्षी दलहरूलाई अघोषित मोर्चामा आबद्ध गराएका छन्। यस्तो अवस्थामा दाहालमाथि रविको बचाउ गरेको आरोप लाग्दै आएको छ, जसको दाहालले शनिबार प्रतिवाद गरेका हुन्।

तर, रविलाई मात्रै पक्राउ गरेर सरकारले राजनीतिक पूर्वाग्रह देखाएको भन्दै दाहालले आपत्ति जनाए। 'अहिले सरकारले जे रवैया अपनाएको छ, हाम्रो आपत्ति छ, त्यही (सहकारी)प्रतिवेदनमा नाम उल्लेख भएका एमालेसँग सम्बन्धित व्यक्तिलाई चाहिँ छानबिन गर्न नपर्ने, गिरफ्तार गर्न नपर्ने, नेपाली कांग्रेसको पनि नाम छ, त्यो नामलाई पनि केही गर्न नपर्ने, राजनीतिक पूर्वाग्रहले प्रतिपक्षीलाई मात्र गिरफ्तार गर्ने सरकारको तरिका बेठीक छ,' उनले भने।

माओवादीले गरेको विरोध र खबरदारीसभा कसैलाई बचाउनका लागि नभएको उनको प्रस्टोक्ति छ। सुशासनको पक्षमा उभिएको माओवादीलाई बदनाम गर्ने षड्यन्त्रले सहकारी ठगी आरोपीलाई बचाउन लागेको बताए। खबरदारीसभामा वरिष्ठ उपाध्यक्षसमेत रहेका पूर्वगृहमन्त्री नारायणकाजी श्रेष्ठले अदालतबाट दोषी ठहर भएका र अदालतमा मुद्दा विचाराधीन भएका व्यक्ति (मीनबहादुर गुरुङ) लाई प्रधानमन्त्री ओलीले सफाइ दिएको भन्दै आपत्ति जनाए। एक तहको अदालतबाट दोषी ठहर भएका र अन्य मुद्दाहरू विभिन्न तहका अदालतमा विचाराधीन रहेको व्यक्तिलाई प्रधानमन्त्रीले नै सफाइ दिएर कानुनी शासनको खिल्ली उडाएको श्रेष्ठको भनाइ थियो। सरकारको यस्तो कार्यले लोकतन्त्रमाथि प्रहार भइरहेको बताए।

'यो देशको प्रधानमन्त्रीले जसलाई हाम्रो सरकारले ललिता निवास काण्डमा संगठित अपराध, ठगी र किर्तेमा अदालतमा मुद्दा छ। जसलाई अख्तियारले दायर गरेको मुद्दाको आधारमा विशेष अदालतले दुई वर्ष कैद र जरिवाना घोषित गरेको छ, सर्वोच्च अदालतमा मुद्दा विचाराधीन छ, जसको भ्याट छली मुद्दा अदालतमा विचारधीन छ। अनि देशको प्रधानमन्त्रीले एउटा अदालतले दोषी ठहर गरिसकेको र सर्वोच्च अदालचतमा मुद्दा विचाराधीन रहेको व्यक्तिलाई सफाइ दिन मिल्छ कि मिल्दैन ?,' श्रेष्ठले प्रश्न गरे। श्रेष्ठले देशमा दुईदलीय निरंकुशता लाद्ने प्रयत्न भइरहेको पनि आरोप लगाए। गत १७ असारमा कांग्रेस-एमाले गठबन्धन बनेपछि दुईदलीय प्रणालीको वकालत कांग्रेस र एमालेका कतिपय नेताहरूले गरिरहेका छन् । त्यसप्रति विमति जनाउँदै श्रेष्ठले दुईदलीय प्रणालीलाई निरंकुशताको संज्ञा दिएका हुन्।

●●●

### सहकारी ठगीमा ...

सरकार आलोचित हुँदा उनले आरोपी सबैमाथि अनुसन्धान हुने बताएका हुन्। 'सहकारी ठगीमा सत्तापक्ष र प्रतिपक्षी भन्ने हेरिन्न, छानबिनको दायरामा परेका सबैमाथि अनुसन्धान अघि बढ्छ, सडकमा जतिसुकै भीड देखाए पनि केही हुनेवाला छैन,' उनले शनिबार लम्जुङ पुगेर भने। सहकारी ठगी प्रकरणमा पक्राउ पर्ने लामिछाने एक्ला आरोपी नभएको उनको भनाइ छ। ६०० जति पक्राउ परेर अनुसन्धान भइरहेको मन्त्री गुरुङले बताए।

'सूर्य थापा नेतृत्वको सर्वपक्षीय संसदीय छानबिन विशेष समितिको प्रतिवेदनलाई सरकारले कार्यान्वयन अघि बढाएको छ,' उनले भने, 'यही क्रममा ६०० जनाजति अनुसन्धानको दायरामा आएर पक्राउ परेका छन् । रवि लामिछाने पनि उही क्रममा पक्राउ परेका हुन्। कोही भ्रममा पर्नु वा भ्रममा पार्न जरुरी छैन।' उनले सरकार सुशासनमा दृढताका साथ अघि बढेको दाबी गर्दै उक्त अभियान रोक्न खोज्नेहरू सफल नहुने बताए।

●●●

**सूचना**

यस लजगाः बचत तथा ऋण सहकारी संस्थाको विशेष साधारण सभा तयारीका लागि सञ्चालक समितिको बैठक मिति २०८१/०७/१२ गते दिनको १:०० बजे स्टार फुडल्याण्ड बल्खुमा बस्ने भएको हुँदा सबै सञ्चालकहरूको उपस्थितिका लागि अनुरोध गर्दछौं।

अध्यक्ष

### जलवायु वित्तमा...

वन तथा वातावरण मन्त्रालयले विज्ञ तथा सरोकारवालाको आगामी कोपमा प्रस्तुत गर्ने एजेन्डा र भूमिकालगायत विषयमा आयोजित तीनदिने गोष्ठी शुक्रबारमात्रै सकिएको छ। शनिबार कोपलाई अर्थपूर्ण बनाउन 'राष्ट्रिय जलवायु सम्मेलन' आयोजना गरिएको छ। मन्त्रालयले कोपलाई थप प्रभावकारी बनाउन व्यापक रूपमा छलफल चलाइरहेको छ। जलवायु परिवर्तन गराउन नगन्य भूमिका खेलेको नेपाललगायतका विकासोन्मुख राष्ट्रहरूलाई जलवायु परिवर्तनका कार्यक्रम सञ्चालनका लागि आवश्यक लगानीका लागि धनी राष्ट्रहरूले जलवायु वित्तीय दायित्व बढाउनुपर्ने भन्दै विगतका कोपमा पनि नेपालले यसपटक पनि आवाज उठाउने तयारी गरेको छ। यससँगै उक्त वित्तमा सहज पहुँच हुनुपर्ने भन्दै नेपालले अडान लिँदै आएको छ।

यसपटक पनि धनी तथा विकसित मुलुकहरूले जलवायु वित्तीय दायित्व बढाउनुपर्ने, नेपालजस्ता मुलुकहरूका लागि उक्त वित्त प्राप्ति गर्न पहुँच सहज हुनुपर्ने एजेन्डालाई कोपमा निरन्तरता दिँदै छ। नेपालजस्ता मुलुकहरूका लागि जलवायु वित्तमा सहज पहुँचको व्यवस्था नहुँदा वैदेशिक आर्थिक सहयोग प्राप्त गर्न झन्झटिलो प्रावधान व्यहोर्नुपरेको बताउँछन्, वन तथा वातावरण मन्त्रालयअन्तर्गत जलवायु व्यवस्थापन महाशाखा प्रमुख डा. सिन्धुप्रसाद ढुंगाना।

'जलवायु वित्तमा नेपालजस्ता मुलुकको पहुँच पुग्न कठिन छ, अन्तर ाष्ट्रियविज्ञ नभई 'प्रपोजल' नै तयार हुँदैन, रकम ल्याउन पनि उत्तिकै झन्झटिलो छ,' उनले भने, 'विगतको कोपहरूमाझैं यसपटकको कोपमा पनि जलवायु वित्तमा सहज पहुँच हुनुपर्छ भनेर एजेन्डा लैजाने छौं।' ढुंगानाले कोप-२९ मा जलवायुजन्य हानि-नोक्सानीको विषयलाई पनि प्राथमिकता दिएर एजेन्डा लैजाने विषयमा व्यापक छलफल भइरहेको बताए।

'यही असोज ११ र १२ गते परेको अविरल वर्षाका कारण नसोचिएको बाढी आयो, ठाउँठाउँमा पहिरो गए । सोलुखुम्बु जिल्लाको खुम्बु पासाङल्हामु गाउँपालिकाको थामे भन्ने ठाउँमा अचानक आएको बाढीले अर्बौंको क्षति गऱ्यो, मुस्ताङमा अचानक पहिलोपटक बाढी आयो। केही वर्षअघि मेलम्ची नदीमा आएको बाढीका कारण आयोजानालाई नै क्षति गऱ्यो। जलवायुजन्य परिस्थितिले हानि-नोक्सानी धेरै बढेको छ,' डा. ढुंगानाले भने, 'हाम्रो हिमाल पग्लेका कारण पनि नेपालले विपद्को समाना गर्नुपर्ने छ। हिउँपहिरोको समस्या हामीले भोग्नुपर्छ, तसर्थ जलवायु परिवर्तन गराउन मुख्य भूमिका खेल्ने मुलुकहरूबाट हामीलाई आवश्यक पर्ने जलवायु वित्त चाहिन्छ भनेर माग गर्ने छौं।'

सरकारको दोस्रो राष्ट्रिय निर्धारित योगदान (एनडिसी) तथा राष्ट्रिय अनुकूलन योजना (न्याप) कार्यान्वयन गर्नका लागि अन्तर्राष्ट्रिय जलवायु वित्त, क्षमता र प्रविधिको आवश्यकता भएकाले यसपटकको कोपमा पनि जलवायु वित्तलाई नै बढी प्रथामिकता दिइएको डा. ढुंगानाको भनाइ छ। 'हामी जलवायुको क्षेत्रमा अधिकारमात्रै खोज्दैनौं, हाम्रो प्रतिबद्धता पनि पूरा गर्छौं। परियोजना आएर पनि कार्यान्वयन हुन समय लाग्ने गरेको छ। यो सुधार गर्नेछौं,' उनले भने।

जलवायुविद् डा. धर्मराज उप्रेतीले पनि जलवायु परिवर्तन व्यवस्थापनका लागि आगामी कोप-२९ मा जलवायु वित्तका नयाँ आयामहरूमाथि जोडदाररूपमा 'लबिइङ' गर्नुपर्ने बताए। 'वायुमण्डलमा तापक्रम वृद्धि भएर 'रेकर्ड ब्रेक' भइरहेको छ, बाढीपहिरो, डुबान, हिउँपहिरोजस्ता रेकर्ड ब्रेक गर्ने किसिमका विपद्का घटना हामीले समाना गर्नुपरेको छ। अझै बढी समाना गर्नुपर्ने छ,' उनले भने, 'तसर्थ जलवायु परिवर्तनले निम्त्याएका असर व्यवस्थापनका लागि नयाँ वित्तको आवश्यकता छ । विकसित मुलुकहरूले १०० अर्ब अमेरिकी डलर वार्षिकरूपमा जलवायु वित्त जम्मा गर्ने भन्ने छ, अब यसले पुग्दैन।' उनका अनुसार अब खर्ब डलरको कुरा गर्नुपर्छ। विश्व समुदायले नै जलवायु वित्तलाई कसरी सम्बोधन गर्ने ? नयाँ लक्ष्य निर्धारण कसरी गर्ने ? भन्नेमा केन्द्रित भई यसपटकको कोपमा बुलन्द रूपमा आवाज उठाउनुपर्छ।

उप्रेतीले कोपमा उठाउने जलवायुका मुद्दा सम्बोधन गराउन टापु मुलुकको पनि ऐक्यबद्धता हुनुपर्नेमा जोड दिए । 'जलवायु परिवर्तनको असर तीव्र गतिमा बढिरहेकाले जलवायुजन्य हानि-नोक्सानी सम्बोधन गर्न प्रत्येक क्षेत्रगतरूपमा कुरा उठाउनुपर्छ, जस्तैः जलवायु परिवर्तनका कारण कृषि, पर्यटन, वातावरण, पूर्वाधार, स्वास्थ्य, मानवीयलगायतका क्षेत्रमा पर्ने असर सम्बोधन गर्न क्षतिपूर्तिको व्यवस्था होस् भन्ने आवाज उठाउनुपर्छ,' उनले भने, 'क्षेत्रअनुसार जलवायु परिवर्तन व्यवस्थापनमा ठूला लगानीको खोजी गर्नुपर्छ।' जलवायु विज्ञहरूले पनि नेपालले आगामी कोपमा जलवायु वित्तीय दायित्व बढाउन दाबाब दिइनेगरी आफ्नो एजेन्डा तय गर्नुपर्ने सुझाव दिएका छन्।

#### अनुकूलन कोषका लागि आकार बढाउन जोड

वन तथा वातावरण मन्त्रालयअन्तर्गत जलवायु व्यवस्थापन प्रमुख डा. सिन्धु ढुंगानाले जलवायु अनुकूलन कोषका लागि आकार बढाउनुपर्नेमा जोड दिए। 'जलवायु अनुकूलन वित्त कुन देशलाई कति आवश्यकता हो ? भन्ने स्पष्ट हुनुपर्छ र यसको आकार बढाएमात्रै जलवायु अनुकूलनसम्बन्धी नीति कार्यान्वयनमा सहज हुने छ,' उनले भने, 'अहिले अनुकूलन कोषको वित्त अपुग देखिएको छ, अब कसले कसले योगदान गर्ने भन्ने प्रश्न पनि छ। सबैले गर्नुपर्छ कोषमा योगदान भन्ने भयो भने फेरि हामीलाई असहज हुने छ भन्ने कुरा पनि छ।'

महाशाखाअन्तर्गत अनुकूलन शाखा प्रमुख सुमन सुवेदीले पनि नेपालजस्ता मुलुकका लागि जलवायु परिवर्तनसम्बन्धी न्यूनीकरणका कार्यक्रमभन्दा अनुकूलनका कार्यक्रम उपयोगी हुने भन्दै अनुकूलनको क्षेत्रमा आवश्यकताअनुसार लगानी जुटाउन प्रयास आवश्यक रहेको बताए। जलवायु विज्ञहरूले पनि नेपालले आगामी कोपमा जलवायु वित्तीय दायित्व बढाउन दाबाब दिइनेगरी आफ्नो एजेन्डा तय गर्नुपर्ने सुझाव दिएका छन्। *रासस*

●●●

### अवैधरूपमा विदेश...

त्यसैगरी वैदेशिक रोजगारीका लागि आवश्यक रहेको अभिमुखीकरण तालिम सञ्चालनमा देखापरेका समस्याहरूलाई न्यूनीकरण गर्न अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि, २०७६ को संशोधन, १०० जना कामदार नपठाउने इजाजतपत्रवाला म्यानपावरहरूको अन्तिमपटकका लागि इजाजतपत्र नवीकरण, वैदेशिक रोजगार (छैटौं संशोधन) नियमावली गत असोज १८ मा मन्त्रिपरिषद्बाट स्वीकृत गरिएको र वैदेशिक रोजगारमा जाने कामदारहरूका लागि निःशुल्क तालिम सञ्चालन गर्ने संस्थाका लागि आवश्यक न्यूनतम मापदण्ड (पहिलो संशोधन), २०८० लागू गरिएको मन्त्री भण्डारीले जानकारी दिएका छन्।



## Mudkechula Rural Municipality
## Office Of the Rural Municipal Executive
### Narku,Dolpa
### Karnali Province,Nepal

## Inivation for Bids, Notice No : MRM/NCB/Works/01-2081/082

**(Date Of Publication:- 2081-07-11 (2024-10-27AD))**

1. Mudkechula Rural Municipality Office Narku Dolpa invites single stage Single envelope electronic bid from eligible bidders for the Construction of following works under National Competitive Bidding Procedure.


| S.No | Contract ID. No | Description of Work | Estimated Amount ( Without Vat, Contingency And PS) | Bid Security Amount ( NRs) | Bidding Document Fee(NRs) | Bid Validity /Bid Security validity period | Last Date And Time of Bid Submission | Date And Place of Bid Opening |
|---|---|---|---|---|---|---|---|---|
| 1. | MRM/NCB/ Works/01-2081/082 | Maure Bhalu Sarmi Sadak Starunnati Project | 1,66,16,495.65 | 4,50,000.00 | 3000.00 | 90 days/120 days from the last date of bid submission | 2081/08/11BS (2024-11-26 AD) 12:00 Noon Online | 2081/08/11BS (2024-11-26 AD) 2:00 PM MRM Office |

2. Account No. for Bid document Purchese

| Bank | Office Name | Revenue Account Number | Office Code |
|---|---|---|---|
| Rastriya Banijya Bank Ltd | Adanchuli Rural Municipality ,Shreenagar Humla | MUDKECHULA GA.PA. (Ga-1-1)-Aantarik 4520100301010002 | 801066107 |

Eligible bidders may obtain further information from ( www.bolpatra.gov.np.egp ) Website of Public procurement monitoring Office (PPMO)


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

आइतबार, ११ कात्तिक, २०८१

| | |
|---|---|
| **मेष** | धर्मकर्म र सेवामूलक काममा प्रवृत्त गराउनेछ। |
| **वृष** | मार्गदर्शन अनुचित लाग्नेछ । |
| **मिथुन** | अवसर प्राप्त भए पनि उपलब्धि हातपार्न समय मान्यजनको |
| **कर्कट** | लाग्नेछपरिस्थितिवश विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । |
| **सिंह** | समय फुर्सदिलो रहनाले भेटघाट गर्ने अवसर हुनेछ। |
| **कन्या** | शुभचिन्तकहरूको साथले काममा उत्साह जाग्नेछ । |
| **तुला** | केही काम रोकिनाले रकम हातलागी नहुन सक्छ। |
| **वृश्चिक** | आफ्नै बेहोसीले नोक्सान पुर्याउला। |
| **धनु** | रोकिएका काम बन्नाले उत्साह जाग्नेछ । |
| **मकर** | कमजोरीले केही समस्या उब्जाए पनि कार्य सम्पादन । |
| **कुम्भ** | परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ। |
| **मीन** | परिस्थिति सोचेजस्तो लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५र४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४र४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८र४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७र८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२र४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०र४२५५५४१ |
| | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२र४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०र४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७र४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२र४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५र४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८र४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२र४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

११ कात्तिक, २०८१ (२७ अक्टोबर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३४.२४ | १३४.८४ |
| युरो | १ को | १४५.२८ | १४५.९३ |
| पाउन्ड स्टिर्लङ | १ को | १७४.२४ | १७५.०२ |
| स्विस फ्रैन्क | १ को | १५४.७७ | १५५.४६ |
| अस्ट्रेलियन डलर | १ को | ८८.९९ | ८९.३९ |
| क्यानाडियन डलर | १ को | ९६.९२ | ९७.३५ |
| सिङ्गापुर डलर | १ को | १०१.६५ | १०२.११ |
| जापानी येन | १० को | ८.८४ | ८.८८ |
| चिनियाँ युआन | १ को | १८.८४ | १८.९३ |
| साउदी अरब रियाल | १ को | ३५.७४ | ३५.९० |
| कतारी रियाल | १ को | ३६.८२ | ३६.९८ |
| थाई भाट | १ को | ३.९८ | ३.९९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.५५ | ३६.७१ |
| मलेसियन रिङेट | १ को | ३०.९३ | ३१.०७ |
| दक्षिण कोरियन वन | १०० को | ९.६६ | ९.७० |
| स्विडिस क्रोनर | १ को | १२.६९ | १२.७५ |
| डेनिस क्रोनर | १ को | १९.४७ | १९.५६ |
| हङकङ डलर | १ को | १७.२८ | १७.३५ |
| कुवेती दिनार | १ को | ४३८.२५ | ४४०.२१ |
| बहराइन दिनार | १ को | ३५६.०५ | ३५७.६४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# शे-फोक्सुन्डो राष्ट्रिय निकुञ्जमा भेटियो दुर्लभ जंगली याक



■ भीष्मराज ओझा

**काठमाडौं–** शे-फोक्सुन्डो राष्ट्रिय निकुञ्जमा दुर्लभ जंगली याक फेला परेको छ। सो क्षेत्रमा गरिएको अध्ययनका क्रममा निकुञ्जमा भाले जंगली याक भेटिएको हालै खुलासा गरिएको हो।

वन तथा वातावरण मन्त्रालयको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले सो जंगली याकको 'फोटो फ्रेम' अनावरण गरेको छ । स्थानीय नागरिक वैज्ञानिक सोनाम वाङ्दीले तस्विर लिएको जंगली याक शे-फोक्सुन्डो गाउँपालिका-१ सल्दाङस्थित क्षेत्रमा भेटिएको हो। चार हजार ६२३ मिटरदेखि चार हजार ९३५ मिटर उचाइ रहेको सो स्थानमा उक्त जंगली याक गत जुलाई २३ देखि २६ सम्म देखिएको विभागको तथ्यांक छ।

यो अध्ययन स्थानीय समुदायको पूर्वजानकारीपश्चात निकुञ्ज विभागको अगुवाइमा शे-फोक्सुन्डो राष्ट्रिय निकुञ्ज र विश्व वन्यजन्तु कोष (डब्ल्युडब्ल्युएफ) नेपालको सहकार्यमा सम्पन्न भएको थियो । विगतमा तथ्यांक अभाव तथा स्थानीय समुदायका अनुसार जंगली याक लोप हुने अवस्थामा रहेको मानिएको थियो। जंगली याक प्रायः समुद्री सतहबाट चार हजार ८२५ मिटरको उचाइमा पाइन्छ।

यस अध्ययनका क्रममा स्थानीयका साथै युवा वैज्ञानिकहरू सोनाम वाङ्दी र उर्गेन गुरुङको महत्त्वपूर्ण योगदान रहेको डब्ल्युडब्ल्युएफ नेपालका पर्वतीय कार्यक्रम व्यवस्थापक सेरेन श्रेष्ठले जानकारी दिए । उनका अनुसार यो जंगली याक देखिएको क्षेत्रबाट पश्चिमतिर चीनको सीमा नजिक पनि अर्को जंगली याक देखिएको स्थानीयले जानकारी दिएका छन् । उनले भने, 'तर, यही हो वा अर्को जंगली याक हो विस्तृत अध्ययनविना भन्न सकिने अवस्था छैन । चीन, भारत र नेपालका हिमाली क्षेत्रमा पाइने जंगली याकको नेपालमा खासै तथ्यांक छैन ।' नेपालमा पहिलोपटक अनुसन्धानकर्ताहरूले हुम्लामा सन् २०१४ मा जंगली याक देखेका र पहिलो आधिकारिक तस्बिर पनि सोही समयमा सार्वजनिक गरिएको थियो ।

नेपालमा वन चौंरी पनि भनेर चिनिने जंगली याक विश्वव्यापी रूपमा चीन, भारत र नेपालको मूल रैथाने प्रजाति हो । जंगली याक खासगरी अल्पाइन टुन्ड्रा क्षेत्रको घाँसेमैदान र चिसो मरुभूमि क्षेत्रहरूमा पाइन्छ। जाडोमा तल्लो उपत्यकाहरूमा झर्दै, मौसमी रूपमा सर्ने गर्छ । यद्यपि, यस प्रजातिको हालको वितरण दायरा राम्रोसँग थाहा छैन । जंगली याक प्रायः उत्तरी सिमाना छिमेकी चीनको तिब्बतसँग जोडिएका हिमाली क्षेत्रमा बढी रहने गरेको अनुमान गरिन्छ ।

नेपालमा यस प्रजातिको जनसंख्याको आकारका बारेमा कुनै जानकारी उपलब्ध छैन । हुम्ला जिल्लाको लिमी उपत्यकामा सन् २०१४ मा पुनः पत्ता नलागेसम्म जंगली याक लोप भइसकेको मानिन्थ्यो। विश्वव्यापीरूपमा जंगली याकलाई आइयुसिएनले 'रेड लिस्ट'ले जोखिममा राखेको छ । नेपालमा राष्ट्रिय रूपमा यसलाई तथ्यांक अभावका रूपमा वर्गीकृत गरिएको छ । नेपालमा यस प्रजातिको कानुनी स्थिति राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनद्वारा संरक्षित (परिशिष्ट १) छ।

त्यसैगरी, साइटिसले परिशिष्ट १ प्रजातिमा जंगली याकलाई सूचीकृत गरेको निकुञ्ज विभागका वरिष्ठ इकोलोजिस्ट हरिभद्र आचार्यले जानकारी दिए । उनका अनुसार जंगली याक गाई प्रजातिको जन्तु हो। तराई क्षेत्रमा गौरी गाई पाइएजस्तै उपल्लो हिमाली क्षेत्रमा चौंरी र जंगली याक पाइन्छ। 'जंगली याक दुर्लभ छ। कठिन भौगोलिक क्षेत्र र हिमाली क्षेत्रमा पाइने भएकाले यसको अध्ययन र अनुसन्धान पर्याप्त हुन सकेको छैन,' वरिष्ठ इकोलोजिस्ट आचार्यले भने, 'अहिले बिस्तारै हवाई यातायात, सडकको पँहुच, प्रविधिको विकासले गर्दा हिमाली वन्यजन्तुसँगै जंगली याकको पनि अध्ययन सुरु हुन थालेको छ।'

हिउँ चितुवाको र यसको बासस्थान प्रायः एकै क्षेत्रमा हुन्छ। जंगली याकको बासस्थान र चरन क्षेत्र हिउँचितुवाको तुलनामा भने सीमित हुन्छ । घरपालुवा चौंरीभन्दा यो शारीरिक वनावटले फरक हुन्छ। 'घरपालुवा चौंरीको तुलनामा यसको आकार ठूलो हुन्छ, सिङ र रौं फरक हुन्छ। विभागले सार्वजनिक गरेको उक्त तस्बिरसँगै जंगली याकको अध्ययन गर्न अनुसन्धानकर्ताको चासो बढ्छ । त्यसमा हामी प्रोत्साहन गर्छौं,' उनले भने। *रासस*

# लोकबहादुरलाई मादल बनाउन भ्याइनभ्याई

**कमलामाई (सिन्धुली)–** तिहार नजिकिएसँगै बिग्रिएका मादलले घरको दलिन खाली छैन । घरभित्र मादल झुन्डिएका छन्। घरबाहिर भुइँमा लडिरहेका देखिन्छन् । सिन्धुलीको फिक्कल गाउँपालिका-२ बोगोलाका लोकबहादुर सुनुवारको घरमा यतिबेला मादलै मादल छन्।

नयाँमा दल बनाउने र बिग्रिएको मादल मर्मत गर्ने सीप भएका सुनुवारलाई भ्याइनभ्याई छ । खाना-खाजा र आराम गर्ने समयसमेत छैन । 'आफूले मात्रै नभ्याएर तीन जनालाई ज्यालामा काम लगाएको छु । सधैं यसरी काम आउँदैन। काम आएको बेला त गर्नैपर्‍यो नि, होइन ?,' उनले भने । एक हजार २०० रूपैयाँ प्रतिकामदारको ज्याला छ। अहिले ६० वटा मादल जम्मा भएका छन् । 'बिग्रिएको मादल बनाउन यहाँ ल्याएर छोडेका हुन्,' उनले भने, 'कुनै मादल बनिसकेका छन्। कुनै बन्ने क्रममा छन्।'

बनाउन ल्याएका अधिकांश मादल खरी लगाउनुपर्ने अवस्थामा छन् । दिनमा एक व्यक्तिले तीनवटासम्म मादलमा खरी लगाउन सक्ने उनले बताए। एउटा मादलको दुईपट्टि खरी लगाएको एक हजार ५०० रूपैयाँ लिने गरिएको उनले सुनाए ।

तिहारमा घिन्ताङ-घिन्ताङ मादल बजाएर नाँच्दै देउसी र भैली खेल्ने गरिन्छ। देउसी-भैलोको भाका मादलविना अपूरो हुन्छ । तिहार नजिकिएसँगै मादलको माग बढेको छ। मादल बनाउने सीप भएका सुनुवारको घरमा देउसी-भैलो खेल्न नयाँ मादल किन्ने, पुरानो मादलमा खरी हाल्ने, मादल कस्ने र छाला फेर्नेको भीड देखिन्छ । बिग्रिएका मादल बनाएर मात्रै १५ दिनको अवधिमा ६० हजार बढी आम्दानी हुने उनको आँकलन छ। बूढेसकालले छुनै लागेका सुनुवारले १९ वर्षको उमेरदेखि मादल बनाएर बेच्ने गर्थे।

तिहारमा मादलको माग बढी हुन्छ तर कच्चा सामग्रीको अभाव छ। मादल बनाउन अत्यावश्यक कच्चा सामग्री संकलन गर्नै मुस्किल पर्ने उनको भनाइ छ। विशेषगरी मादल बनाउन अत्यावश्यक गाई, गोरुको छाला र काठको अभाव हुँदा समस्या भएको उनले बताए। १९ वर्षको उमेरदेखि मादल बनाउँदै आएका सुनुवारले भने, 'अहिले काठ पाउनै मुस्किल छ । जंगलमा पाइएको काठ पनि काट्न पाइँदैन । छालाको त्यस्तै समस्या छ।'

मादल बनाउने काठ र छालाको अभाव हुँदा आफूसँग भएको सीपलाई व्यावसायिकरूपमा विस्तार गर्न नसकिएको उनको गुनासो छ। 'यो पेसा संरक्षणमा स्थानीय सरकार, संघ-संस्था कतैबाट सहयोग भइदिए मादल बनाउने पेसालाई व्यावसायिकरूपमा अगाडि बढाउने थिएँ,' उनले भने।

पहिलाको तुलनामा मादलको माग कम भए पनि अझै केहीले राम्रो मादल चाहियो भनेर गाउँमै हातले बनाएका मादल खोज्न आउने गरेको उनको अनुभव छ । मादल बनाउन कानुनले बन्देज गरेका कतिपय कच्चा सामग्रीसमेत आवश्यक गर्ने भएकाले मादल बनाउने पेसाकर्मीलाई कठिन भएको फिक्कल गाउँपालिकाकी अध्यक्ष पार्वती सुनुवारको धारणा छ । यद्यपि, परम्परागत स्थानीय सीप भनेको मौलिक सम्पत्ति र रोजगारीको पहिलो आधार भएको उनको भनाइ छ। यिनको अभिलेखीकरण, भण्डारण र बजारीकरणसँगै व्यावसायिकीकरण गर्ने फिक्कल गाउँपालिकाको नीतिमै उल्लेख गरिएको उनले बताइन्।

उनले भनिन्, 'हाम्रा पुर्खाले पुस्तौंपुस्तादेखि आफ्नै अनुभवले आर्जन तथा संरक्षण गर्दै पुस्तान्तरण हुँदै आएको ज्ञान, सीप अहिले लोप हुँदै गएको अवस्था छ । यसको निरन्तरताका लागि अघिल्लो पुस्तासँग भएको धेरै किसिम र क्षेत्रका ज्ञान, सीप विद्यार्थी र युवा पुस्तालाई हस्तान्तरण गर्ने हाम्रो कार्यक्रमसमेत छ।' यसका लागि परम्परागत ज्ञान, सीपको अभिलेखीकरण, सीप हस्तान्तरण, उत्पादित सामग्रीको भण्डारण र बजारीकरणको व्यवस्थापन पालिकाले गर्ने उनले बताइन्। *रासस*

# नयाँबसपार्क क्षेत्रबाट अवैध पटाका बरामद

**काठमाडौं (प्रस)–** प्रहरीले नयाँबसपार्क क्षेत्रबाट पटाका बरामद गरेको छ। महानगरीय प्रहरी प्रभाग नयाँबसपार्कबाट खटिएको प्रहरी टोलीले काठमाडौं महानगरपालिका-२६ मा अवैधरूपमा पटाका लुकाइछिपाइ ओसारपसार गरेको अवस्थामा बरामद गरेको हो ।

अवैधरूपमा पटकाजन्य वस्तु लुकाइछिपाइ ओसारपसार गरिरहेको अवस्थामा दुईवटा बोरा चेकजाँच तथा खानतलासी गर्दा काठमाडौं महानगरपालिका-२९ पुतलीसडक बस्ने २५ वर्षीय न्यूजल कसालाई पटाकासहित शुक्रबार साँझ पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

प्रहरीले पक्राउ कसासँग पेन्टा कलेक्सन चार प्याकेट, फ्लोर सर्ट दुई प्याकेट, फ्लाइङ सर्ट तीन प्याकेट, १२ सुट पाँच प्याकेट, ३० सुट सात प्याकेट, ६० सुट दुई प्याकेट, सात कलर सुट आठ प्याकेट, कक्टेल बार दुई प्याकेट बरामद गरेको छ ।

पक्राउ परेका व्यक्तिलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि प्रहरी वृत्त महाराजगञ्ज पठाइएको नयाँबसपार्क प्रहरीले जनाएको छ ।


**Melung Rural Municipality**
**Office of Rural Municipal Executive**
**Bhedapu, Dolakha**

## INVITATION FOR BIDS

**First Date of Publication: 2081-07-11 (2024-10-27)**

1. Melung Rural Municipality, office of Rural Municipal Executives, Bhedapu, Dolakha has allocated funds for following works and invites open national competitive bidding. This notice is published as per Public Procurement Act, 2063 (14) sub- section (1) and Public Procurement Rule, 2064 (49 Ka) for all eligible bidders.

| S.N | Contract ID | Name of Project | Estimated Cost (inclusive VAT) | Min. Bid Security Amount (NRs) | Fee for Bid Documents (NRs) | Submission of Bid (Date, Time) | Opening of Bid (Date, Time) |
|---|---|---|---|---|---|---|---|
| 1 | 13/W/NCB/MRM/81-82 | Construction of Jhorkhola khanepani Aayojana | 77,29,567.05 | 2,10,000 | 3,000 | 2081-08-11 (2024-11-26) 12:00 hours | 2081-08-11 (2024-11-26) 13:00 hours |

2. Bidders shall have the option of submitting their bids **electronically only**. For further details regarding the notice of Invitation for Bids, interested Bidders are requested to visit the notice board or website of Melung Rural Municipality (melungmun.gov.np), Bhedapu, Dolakha or the PPMO's Website http://www.bolpatra.gov.np/egp
3. Matters not covered in this notice shall be in accordance with prevailing rules and regulations of GoN.
4. Any amendment in the tender notice shall be posted in the notice board of the Melung Rural Municipality and PPMO's website: www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय**

**सडक डिभिजन बैतडी**

## आर्थिक प्रस्ताव खोलिने बारेको सूचना

(प्रकाशित मिति २०८१/०७/११ गते)

यस कार्यालयबाट निर्माण हुने विभिन्न निर्माण कार्यहरूका लागि सूचना नं.३, मिति २०८१/०६/०६ मा सूचना प्रकाशन भई E–Bidding मार्फत पेश हुन आएको बोलपत्रको प्राविधिक प्रस्ताव खोली मूल्याङ्कन हुँदा तपसिल बमोजिमको बोलपत्रदाताको प्रस्ताव सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन समेत) को नियम (५९), (६०), (६१) र (६२) बमोजिम बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित सबै प्राविधिक योग्यता तथा वित्तिय क्षमताको परिक्षण गरी हेर्दा तपसिल बमोजिमको बोलपत्रदाता सारभूत रूपमा प्रभावग्राही बोलपत्र भएकोले मिति २०८१/०७/२१ गते १३:०० बजेको समयमा यस कार्यालयमा उक्त बोलपत्रदाताको आर्थिक प्रस्ताव खोलिने भएको हुँदा सोही नियमावलीको नियम ३१ (ज) को उपनियम (५) बमोजिम सम्बन्धित बोलपत्रदाताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सम्बन्धित बोलपत्रदाता उपस्थित नभएको कारणले आर्थिक प्रस्ताव खोल्न बाधा नपुग्ने समेत जानकारी गराइन्छ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | सारभूत रूपमा प्रभावग्राही बोलपत्रदाता |
|---|---|---|---|
| 1. | RDBTD/337310113/081/82-17 | Periodic Maintenance Work at (A) Baitadi-jhulaghat Section of Mid Hill Highway NH-03, CH-1755+980-1759+980 (65+000-69+000) & (B) Satbanjh-Gokuleshwor Section of Mahakali Highway NH-66, CH-128+840-137+890 (18+000-28+000) | M/S Super/Cosmo/Satya JV Kathmandu, Nepal |

**डिभिजन प्रमुख**

**Madi Municipality**
**Office of Municipal Executive**
**Basantapur, Chitwan**
**Bagmati Province, Nepal**

## Invitation for e-bid

**First date of Publication: 2081/07/11 (27th Oct 2024)**

1. **Madi Municipality, Office of The Municipal Executive Chitwan** invites electronic bids from duly eligible and qualified registered bidders for the Construction of Works under National Competitive Bidding (NCB) Procedure.

| S. N. | Contract No. | Description of Works | Estimated Amount (Without VAT & PS.) | Bid Security Amount (NRs.) | Bid Document Price (NRs.) | Last Date of Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1. | NCB/MMO/16/2081-82 | Construction of 4 No. Ward Office Building (up to Ground Floor) | 1,17,31,175.47 | 3,40,000.00 | 3,000.00 | 26th Nov 2024 12:00 hrs | 26th Nov 2024 13:00 hrs |

2. A complete set of Bidding Documents may be downloaded from the **PPMO E-Portal- www.Bolpatra.gov.np/egp :**

**Information to deposit the Bid Security & cost of bidding document in Bank:**

| S. N. | Name of Bank | Bank Address | Cash Deposit Account Name & Number for Bid Document | Cash Deposit Account Name & Number for Bid Security |
|---|---|---|---|---|
| 1. | Agricultural Development Bank | Basantapur, Madi, Chitwan | MADI MUNICIPALITY GA 1.1 INTERNAL REVENUE (0508800915977148) | MADI NAGARPALIKA KARYALAYA GA 3.1 (0508800915977091) |

3. Bid validity period: - Minimum **90 days** from the last date of bid submission.
4. Bid Security validity Period: - Minimum 30 days beyond the bid validity period.
5. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
6. The matters not Covered in this tender notice shall be in accordance with latest amendments of Public Procurement Act-2063, Public Procurement Regulation-2064 and Madi Municipality Public Procurement Regulation-2076.

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# सुशासनको नारा एकातिर, काम अर्कैतिर

राजनीतिक स्थायित्व, सरकारमा स्थिरता, सुशासन, संविधान संशोधन र विकासलाई तीव्र गति दिन भन्दै गठित गठबन्धन सरकारले 'हनिमुन पिरियड' त्यसै गुजार्‍यो । प्रधानमन्त्री केपी शर्मा ओलीको बोलीमा जस्तो १०० दिने अवधिमा विकासका आधारशीला खडा भए न त राजनीतिक स्थायित्व नै । न त सुशासनको अभियानले गति लियो । यसर्थ, जनतामा कुनै आशा जगाउने काम सरकारबाट भएन ।

यस्तो अवस्थाबीच प्रमुख प्रतिपक्षी नेकपा माओवादी केन्द्र सरकारलाई खबरदारी गर्न शनिबारदेखि सडकमा ओर्लिएको छ । सडकबाटै माओवादी अध्यक्ष पुष्पकमल दाहालले जनजीविकासँग सम्बन्धित सवालमात्रै नभएर सुशासनसम्बन्धी प्रश्नहरू वर्षाएका छन् । कुशासनमा सरकार रमाइरहे जनताको बलमा सत्ता फर्याँक्ने उनको चेतावनी छ । सहकारी ठगीमा सत्तारुढ पार्टीका नेतालाई जोगाउने र विपक्षी नेतालाई राजनीतिक पूर्वाग्रहका आधारमा पक्राउ गरेकोमा पनि दाहालले आपत्ति जनाए ।

हुन पनि सरकारले आफ्नालाई बचाउने प्रस्ट रणनीति अपनाएको देखिन्छ । किनभने, ललितपुरको मितेरी बचत तथा ऋण सहकारी ठगीमा संलग्नताको आरोप लागेका कांग्रेस उपसभापतिसमेत रहेका सांसद धनराज गुरुङलाई पक्राउ गरिएको छैन । हाल अमेरिकामा रहेकी पूर्वश्रीमती (?) ज्योति गुरुङ व्यवस्थापक हुँदा करोडौं अपचलन गरेको आरोप लागेका गुरुङ खुलमखुला हिँडिरहेका छन् । संसद्को सार्वजनिक लेखा समिति सभापति ऋषिकेश पोखरेललाई पनि ओली सरकारले जोगाएको छ । मोरङको उमागौरी सहकारी पोखरेलले नै स्थापना गरेको र उनकी श्रीमती अञ्जला कोइराला सञ्चालक भएकै अवधिमा आठ करोड रूपैयाँभन्दा बढी ठगी भएको प्रकरणमा पक्राउ परेकै छैन ।

हालै राष्ट्रपति रामचन्द्र पौडेलका कानुनी सल्लाहकार रहेका पूर्वन्यायाधिवक्ता बाबुराम कुँवर पनि अनुसन्धानको दायरामा आएका छैनन् । रास्वपा सभापति रवि लामिछाने भने पक्राउ परे । यसले माओवादी अध्यक्ष पुष्पकमल दाहालले भनेजस्तो सरकारले आफ्नालाई जोगाउने र विपक्षमाथि खोजीखोजी हान्ने पक्षमा सरकार देखिएको छ । यसले सरकारको सुशासनप्रतिको प्रतिबद्धतामा प्रश्न उठेको छ । अझ विशेष अदालतबाट बालुवाटारको सरकारी जग्गा हडपेको आरोपमा दोषी ठहरिएका व्यवसायी मीनबहादुर गुरुङबाट पार्टी कार्यालय बनाउन अर्बौंको जग्गादान लिने एमाले र उक्त दलका अध्यक्ष केपी शर्मा ओलीको कदमले पनि उनी सुशासन चाहँदैनन्, विधिको शासन भत्काउन चाहन्छन् भन्ने आरोपलाई पुष्टि गर्ने आधार दिएको छ ।

अहिले मुलुकको विकासको गति त सुस्त छ । तर, सरकारको ध्यान अन्तै देखिन्छ । आगामी २०८४ को निर्वाचन आफ्नो पक्षमा पार्ने रणनीतिमा अहिलेदेखि नै लाग्नुले नै अहिलेको सरकारको प्राथमिकता विकास र सुशसनमा नरहेको बुझ्न सकिन्छ । यस्तो बेला प्रतिपक्षी सडकमा आउँदा सरकारलाई जनउत्तरदायी बनाउन र विकास निर्माणको क्षेत्रमा ध्यान दिन दबाब पुग्ने निश्चित छ । तर, सडक आन्दोलनबाट जनतालाई सास्ती दिने काम राम्रो होइन । आफू सरकारमा हुँदा नगर्ने र प्रतिपक्ष बनेपछि आन्दोलनमा लागिहाल्ने प्रवृत्ति ठीक होइन । यस्तो बेला जनताले सरकार र प्रतिपक्ष दुवैलाई खबरदारी गर्न जरुरी छ ।

## मनन्योग्य

### चाणक्य नीति

राजसंघर्षका कारण रगत लतपतिदै गइरहेको पृथ्वीमा अहिंसा, प्रेम र सदभावनाको मुना फुटेर महावीर र बुद्धको कर्मभूमि यो मगध राज्य बन्न पुग्यो । सत्य फैलिरहेको थिया-महावीर र बुद्ध पनि अगाडि बढिरहेका थिए। भारतवर्षमा वीटा वैभवशाली सहर बन्नगयो 'मगध' अजातशत्रुने विज्यहरूसंगको युद्धकार्यका लागि पाटलीग्राम (पटना) मा आफ्ना मन्त्री तथा सुनितद्वारा किल्ला निर्माण गराए। त्यसै दिन बिहान भगवान् बुद्धले वर्षाकार वा सुनितलाई देखेर आफ्ना शिष्य आनन्दसँग सोधे 'आनन्द उनीहरू को हुन् ?' आनन्दले उत्तर दिए- 'उनीहरू महाराज अजातशत्रुका मन्त्री वर्षाकार वा सुनित हुन् जो विज्यहरूसँग युद्ध गर्नका लागि किल्ला बनाउदैछन् । • भगवान् बुद्धले भन्नुभयो 'झट्टै यहाँ एउटा अत्यन्तै ठूलो सहर बस्नेछ । तर, त्यसमा आगो, पानी र ग्रहहरूका कलहले गर्दा सदैव भय रहनेछ। भगवान बुद्धद्वारा भनिएको भयको बातावरणरूपी भविष्यवाणी सत्य सावित भयो ।

जरासन्धपछिको पीढिले युगौयुगसम्म राज्यको शासन चलाए। जरासन्धीय इतिहासको अन्तिम शासक नियुन्जय थिए जसको हत्या उनकै मन्त्री सुनिकले गरे र सुनिकका छोरा प्रद्योत मगधको सिहासनमा बसे। प्रद्योत वंशका पाँच शासकहरूले एक सय अठतीस १३८) वर्ष (६४२ ई.पू. सम्म शासन गरे । शिशुनाम मगधको राजसिहासनमा बसेपछि मगधको राजनीतिक उत्थान र परिवर्तनको सुरुवात भयो। ई.पू. ५२८ अगाडि बिम्बिसारले मगधको सत्ताको सूप आफ्नो हातमा लिए। अंगप्रदेशको विजयसँगै राज्यविस्तारको क्रम बिम्बिसारले सुरु गरे । यसलाई सफलतापूर्वक अजातशत्रुले पूरा गरे। एकातिर मगध राज्यले राजनीतिक सफलता प्राप्त गरिरहेको थियो, अकातफ भारतवर्षका जनतामा एउटा नयाँ आध्यात्मिक चेतना पलाइरहेको थियो । धार्मिक जड°ता र रुढिवादिताबाट ग्रसित त्यतिबेलाको समाजमा नवजीवनको भाव मौलाइरहेको थियो । यो नवजागरणको सन्देश भगवान् महावीर र तथागत बुद्धले फैलाएका थिए । ख क्रमश:

# महिला भलिबलको व्यावसायिक विकास



■ राजु सिलवाल

❛ तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालको कार्यकालमा गत २०७४ जेठ ८ गते भलिबललाई नेपालको राष्ट्रिय खेलका रूपमा घोषणा गरिएको थियो । नेपालका जुनसुकै भूभागमा खेलिँदै आएको तथा मुलुकभित्र लोकप्रिय तथा जनजीवनमा भिजेको खेलका हिसाबले पनि भलिबललाई राष्ट्रिय खेलका रूपमा घोषणा गरिएको थियो । कम लगानीमा आपसमा जम्मा भएर खेल्न सकिने पुरुष तथा महिला भलिबल खेल विभिन्न मेला पर्वहरू हुँदै अब राष्ट्रिय खेलका रूपमा स्थापित हुँदै अन्तर्राष्ट्रिय क्षेत्रमासमेत आफ्नो पहिचान बनाउन अग्रसर रहेको छ ।

केही वर्ष अघिसम्म नेपाली खेल प्रशिक्षकहरू विभिन्न मुलुकमा गई स्थानीय खेलाडीहरूलाई खेल सिकाउने गर्दथे । ताइक्वाण्डो, टेबुलटेनिसजस्ता खेलमा नेपाली प्रशिक्षकहरू विदेशमै गएर सिकाइ ती देशका खेलाडीहरूलाइर्ट स्थापित गर्नमासमेत महत्त्वपूर्ण भूमिका खेल्दै आएका थिए । विज्ञानको विकाससँगै विश्व नै एउटा गाउँको रूपमा परिणत भइरहेको वर्तमान अवस्थामा नेपाली खेल प्रशिक्षकहरू अमेरिका, बेलायत, जापानलगायतका मुलुकमा गएर विदेशी खेलाडीहरूलाई खेल सिकाउने गरेका छन् । नेपालमा पनि बेलाबखत विदेशी खेलाडीहरू आई नेपाली टिममा आबद्ध भएर खेल्ने गरेका छन् । यस्तो अभ्यास भएको लामो समय भइसकेको छ । विशेषगरी विभिन्न अफ्रिकी मुलुकबाट आएका खेलाडी नेपालका स्थानीय क्लबका तर्फबाट सहिद स्मारक लिग फुटबल प्रतियोगितामा खेल्दै आइरहेका छन् । यसरी खेल्ने प्रयोजनका लागि नेपाल आउने विदेशी खेलाडीहरूले श्रम स्वीकृति लिनुपर्ने नियमसमेत रहेको छ ।

यसरी विदेशी खेलाडीहरूको नेपाली टिममा संलग्नता हुँदा नेपाली खेलाडीहरूलेसमेत अनुभव हासिल गर्ने अवसर पाउने भएकाले समग्र टिमकै गुणस्तर बढ्न जाने गरेको सम्बन्धित खेल पदाधिकारीहरूले अनुभव गर्दै आएका छन् । फुटबलमा मात्र सीमित रहेको विदेशी खेलाडीको नेपाली क्लबसँगको आबद्धता अब अन्य खेलमा पनि विस्तार हुँदै गएको छ । नेपालमा पहिलोपटक महिला भलिबलमा पनि विदेशी खेलाडीहरू नेपाल आएर नेपाली टिमका तर्फबाट खेलेका छन् ।

नेपालको जुनसुकै भूभागमा पनि खेल्न सकिने भलिबल खेल अब व्यावसायिक रूपबाट पनि स्थापित हुन पुगेको छ । नेपाली टिमहरूमा पहिलो विभिन्न मुलुकका खेलाडीहरूलाई समेत आबद्ध गराई सञ्चालन गरिएको महिला खेलाडीहरूको एभरेस्ट फ्रेञ्चाइज लिगमा कर्णाली यशिवस टिमले ललितपुर क्विन्स टिमलाई पराजित गर्दै उपाधि जितेपछि भलिबल खेललाई अझ व्यावसायिक बनाएर विकास तथा विस्तार गर्न सकिने सम्भावना बढेको हो । खेलाडीहरूलाई आफ्नो स्तरअनुसार प्रायोजकहरूद्वारा आकर्षक पारिश्रमिक उपलब्ध गराइएको यो प्रतियोगितामा कर्णाली टिमले अपराजित यात्रा जारी राख्दै उपाधिमाथि कब्जा जमाएको थियो ।

कर्णाली टिममा अमेरिका, ग्रिस र टर्कीका खेलाडी सम्मिलित थिए भने ललितपुर टिममा थाइल्याण्डका खेलाडीहरू सहभागी भएका थिए । यसपालिको प्रतियोगितामा काभा नेसन्स लिग भलिबल खेलेर अनुभव हासिल गरेका नेपाली महिला खेलाडीहरूले विभिन्न छ वटा टिमका तर्फबाट आफ्नो खेल प्रदर्शन गरेका थिए । यसअघि नेपाली महिला भलिबल खेलाडीहरू भारत, माल्दिभ्सलगायतका टिमबाट लिग भलिबल खेलेर व्यावसायिकताको अनुभव हासिल गरिसकेका थिए । नेपालमा अहिले नेपाल भलिबल संघले महिला भलिबल खेलाडीहरूलाई समेत मासिक तलब उपलब्ध गराएर व्यावसायिक खेलतर्फ आफूलाई समाहित गरेको छ ।

### प्रधानमन्त्रीको प्रतिबद्धता

नेपालमा भलिबल खेललाई राष्ट्रिय खेलका रूपमा घोषणा गरिएको लामो समय भइसकेको भएता पनि हालसम्म मुलुकभित्र छुट्टै भलिबलसम्बन्धी कभर्ड हल बन्न सकेको छैन । काठमाडौंको त्रिपुरेश्वरस्थित कभर्ड हलमा अन्य विभिन्न खेलहरूसँग पालो मिलाएर भलिबलका खेलको अभ्यास तथा प्रतियोगिताहरू हुने गरेका छन् । २०७२ सालको भूकम्पले क्षति गरेपछि पुनर्निर्माण गरिएको कभर्ड हलमा पनि भलिबल खेलाडीहरूले पालो पर्खनुपर्ने अवस्था रहेको छ ।

प्रधानमन्त्री केपी शर्मा ओली पनि भलिबल कभर्ड हलसम्बन्धी खेलाडीहरूको मागप्रति सकारात्मक छन् । केही समयअघि नेपाली महिला भलिबल खेलाडीहरूसँग प्रधानमन्त्रीनिवास बालुवाटारमा भेटघाट गर्दै प्रधानमन्त्री ओलीले सरकारको खर्च गर्ने क्षमता धेरै वर्षयता न्यून भएको तथा भलिबलका लागि कभर्ड हल चाहियो भन्ने अहिलेको खास माग कतिखेर पूरा गर्न सकिन्छ भनेर आफूले हिसाब गरिरहेको जानकारी दिएका थिए । प्रधानमन्त्री ओली नेपाली महिला भलिबल खेलाडीहरूको व्यक्तिगत प्रदर्शनतर्फ पनि चासो राख्ने गर्छन् । उनले नेपालमा खेल्न आएका रसियन भलिबल खेलाडीहरूसँग कुराकानी गर्नेक्रममा पनि नेपालको केही खेलाडीको राम्रो सम्भावना भएको तथा उनीहरूलाई मद्दत गर्न सकिने बताएको कुरा उल्लेख गरेका थिए । उनले पाँचपटक विश्वकप जितेका खेलाडीहरूले नेपालकी भलिबल खेलाडी सरस्वती चौधरीको नाम नै लिएर अत्यन्त उज्ज्वल भविष्य भएको खेलाडी भनेकाले हाम्रो टिम राम्रो छ भनेर विश्वका उत्कृष्ट टिमहरूले प्रशंसा गर्ने ठाउँमा त पुगेकामा खुसी व्यक्त गरेका थिए ।

### प्राथमिक तहदेखि नै सिकाइने

युवा तथा खेलकुद मन्त्रालयले भलिबल खेललाई विद्यालयको प्राथमिक तहदेखि नै प्राथमिकतापूर्वक राख्ने लक्ष्य राखेको छ । राष्ट्रिय खेलकुद परिषद्का अध्यक्ष युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले केही समयअघि काठमाडौंमा काभा महिला भलिबल प्रतियोगिताको उद्घाटन गर्दै यस्तो जानकारी दिएका थिए । उनका अनुसार भलिबल नेपालको राष्ट्रिय खेल भएकाले संघ, प्रदेश र स्थानीय तहमा भलिबल कोर्ट बनाई खेलाडी उत्पादन गरिने योजना गरिएको छ ।

### राष्ट्रिय खेल घोषणापछिको सफलता

नेपालको राष्ट्रिय खेल के हो भन्ने सम्बन्धमा लामो समयदेखि अन्योल रहेको थियो । डण्डीबियो, कबर्डीजस्ता खेललाई राष्ट्रिय खेलका रूपमा चर्चा गर्ने गरिएको भएता पनि आधिकारिक घोषणा गरिएको थिएन । सन् १९८६ मा नेपालले पहिलोपटक एसियाली खेलकुदमा ताइक्वाण्डो र बक्सिङमा गरी कूल आठवटा कास्य पदक प्राप्त गरेपछि ती खेलको चर्चा चुलिएको थियो । राष्ट्रिय खेलकुद परिषद्ले विशेषगरी ताइक्वाण्डो, जुडो र कराँतेजस्ता खेललाई आधिकारिक मान्यता प्रदान गरी खुल्ला रूपमा प्रशिक्षण सुरु गरेपछि त्यस्ता खेलमा लाग्नेहरूको संख्या बढ्दै जानुका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पदक प्राप्ति पनि बढेपछि मार्सल आर्टस्का खेललाई राष्ट्रिय खेलकुद घोषणा गरिनुपर्ने माग नभएका होइनन् । तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालको कार्यकालमा गत २०७४ जेठ ८ गते भलिबललाई नेपालको राष्ट्रिय खेलका रूपमा घोषणा गरिएको थियो ।

नेपालका जुनसुकै भूभागमा खेलिँदै आएको तथा मुलुकभित्र लोकप्रिय तथा जनजीवनमा भिजेको खेलका हिसाबले पनि भलिबललाई राष्ट्रिय खेलका रूपमा घोषणा गरिएको थियो । कम लगानीमा आपसमा जम्मा भएर खेल्न सकिने पुरुष तथा महिला भलिबल खेल विभिन्न मेला पर्वहरू हुँदै अब राष्ट्रिय खेलका रूपमा स्थापित हुँदै अन्तर्राष्ट्रिय क्षेत्रमासमेत आफ्नो पहिचान बनाउन अग्रसर रहेको छ ।

### महिला भलिबलमा पछिल्लो सफलता

गत २०८१ असोज ५ गते माल्दिभ्सको राजधानी मालेमा सम्पन्न पहिलो काभा-सेन्ट्रल एसियन भलिबल एसोसिएसन महिला भलिबल क्लब च्याम्पियनसिप २०२४ मा नेपाल पुलिस क्लब अपराजित च्याम्पियन बन्न सफल भएको थियो । उक्त क्लबले प्रतियोगिताको फाइनलसम्म कुनै पनि खेल नहारी उत्कृष्ट खेल खेलेको थियो । काभा महिला भलिबल क्लब च्याम्पियनसिपमा नेपालले जितेको यो पहिलो स्वर्ण पदक थियो ।

### भारतलाई चुनौती

केही समयअघि काठमाडौंमा सम्पन्न काभा नेसन्स महिला भलिबल प्रतियोगितामा नेपालले लिग चरणमा भारतलाई पराजित गरेर नेपाली दर्शकहरूको स्याबासी बटुलेको थियो । नेपाली टिम यसअघि भारतीय टिमसँग पराजित हुँदै आइरहेको थियो । लिग चरणमा भारतलाई हराउन सफल नेपाली टिम फाइनलमा भने प्रतिद्वन्दी टिमसँग पराजित हुन पुगेको थियो । तर, नेपाली टिमले खेलमा विकास गर्दै गइरहेको सन्देश दिन भने काभा नेसन्स महिला भलिबल प्रतियोगिताको फाइनलले दिएको थियो । नेपालमा भलिबलका दर्शकहरू बढाउन पनि यो प्रतियोगिताले महत्त्वपूर्ण भूमिका खेलेको थियो । फाइनल खेल हेर्न कभर्ड हल पुगेका दर्शकहरूले टिकट नपाएर निराश भई फर्कनु परेको स्थितिसमेत उत्पन्न भएको थियो । प्रतियोगितामा नेपाली महिला टिमले भारतका साथै श्रीलंका, माल्दिभ्स र इरानलाई समेत हराउन सफल हुनु नेपाली खेलकुद जगतका लागि सानो उपलब्धि होइन । नेपालमा खेलिने खेलहरूमध्ये पुरानो खेल मानिएको भलिबल खेलमा महिलाहरूको सहभागिता भने निकैपछि मात्र भएको थियो । २०३७ सालमा पहिलो राष्ट्रिय महिला भलिबल आयोजनापछि मात्र महिला भलिबल प्रतियोगिताले मुलुकभित्र औपचारिक मान्यता पाएको थियो ।

सन् २०२२ मा चीनमा सम्पन्न एसियाली खेलकुदमा नेपाली महिला भलिबलको स्थान ११औं रहेको थियो । नेपाली महिला भलिबल टिमले दक्षिण एसियाली खेलकुद प्रतियोगितामा दुईपटक रजत तथा तीनपटक कास्य पदक जितिसकेको छ । सन् २०१९ र सन् २०२१ मा नेपालले काभा च्यालेन्ज कप प्रतियोगिता जितेको थियो । *रासस*

## पत्र-मञ्जुषा

# रोगको सिकार बन्दै संघीय राजधानीवासी

पछिल्लो समय डेंगु संक्रमण निकै बढ्दै गएको छ । अहिले जोकोही पनि आफूलाई डेंगु संक्रमण भएको वा त्यसका लक्षण देखापरेको बताउँछन् । अन्य जिल्लाभन्दा काठमाडौं उपत्यकामा डेंगुका बिरामी बढ्दै गइरहेका छन् । तर, किन ? मुलुककै संघीय राजधानी हो, काठमाडौं । सिंहदरबारदेखि प्रधानमन्त्री, राष्ट्रपति निवास, संसद् भवन यहीँ छ ।

भिआइपीको बसोबास सबै यही भएपछि मानिसहरूको पनि आकर्षणको केन्द्र बन्यो, राजधानी । त्यसैले, गाउँमा खेत बाँझो छोडेर उनीहरू काठमाडौं आए व्यापार व्यवसाय गर्न । ७७ वटै जिल्लाका नागरिक यहाँ बसोबास गर्छन् । कोही राजधानी बसेर अध्ययन गरिरहेका छन् त कोही व्यापार व्यवसाय सञ्चालन वा रोजगारी ।

अन्य जिल्लाभन्दा राजधानीमा मानिसको चहलपहल निकै बढी हुँदा हरेक व्यापार व्यवसाय यहीँ सञ्चालन भएको छ । जसका कारण काठमाडौं सहर अव्यवस्थित तथा अस्तव्यस्त बन्दै गएको छ । अहिले उपत्यकामा डेंगु संक्रमण बढ्नुको पनि यही कारण हो । यहाँ घरैपिच्छे वर्कसप, कबाडी गोदाम सञ्चालन भएका छन् ।

फेरि ती वर्कसप, कबाडी गोदाम निकै फोहोर देखिन्छ । सरसफाइ गरिँदैन । वर्कसपमा सवारीसाधनका टायर यत्तिकै छोडिएका हुन्छन् । अनि ती टायरमा कति लामिखुट्टेले बास बसाउँछन् होला ? यता, तरकारी बजारहरूमा व्यापारीहरू कुहिएका तरकारी जथाभावी फाल्छन् । जसका कारण पनि डेंगु संक्रमणका लामखुट्टेको जन्म हुने गरेको छ ।

उपत्यकामा डेंगु संक्रमणमात्र नभई अन्य विभिन्न दीर्घकालीन रोग पनि फैलिँदै गएको छ । यहाँ बस्ने अधिकांश रोगको सिकार बनेका छन् । कोहीमा क्यान्सर लागेको छ त कोहीमा श्वासप्रश्वास समस्या । कतिपय भने मिर्गौला, कलेजो वा मुटुसम्बन्धी रोगबाट पीडित भेटिन्छन् । यस्तै, मोटोपन, थाइराइटलगायत समस्याबाट पनि धेरै पीडित भएका छन् ।

अर्को कुरा, व्यापारीहरूले आफ्नो स्वार्थका लागि जस्तो पनि खाद्य तथा पेयपदार्थ बेचे । चाहे त्यो गुणस्तरहीन वा केमिकल मिसावट गरिएको नै किन नहोस् । घरेलु मदिरासमेत मल, पुराना जुत्ता, कपडा, भैंसीको हड्डी वा सख्खरबाट बनाएर बेचियो । यो मदिरा सेवन गर्दा कतिपयको स्वास्थ्यमा गम्भीर असर परी ज्यानैसमेत गएको पाइन्छ ।

जथाभावी थुपारिएका फोहोरका कारण डेंगु संक्रमणसँगै विभिन्न रोग निम्तिने जोखिम बढ्दो छ । होटल, रेस्टुरेन्ट, खाजाघर वा मिठाइ पसलमा पनि किचेन निकै फोहोर हुन्छ । त्यहाँ जाँदा वर्षौंदेखि सरसफाइ नगरिएकोजस्तो लाग्छ । यहाँबाट निस्किने फोहोरले पनि डेंगु संक्रमण बढाएको हो । सरकारी अस्पताल होस् या निजी अस्पतालमा पनि व्यवस्थितरूपमा फोहोर राखिएको हुँदैन । अस्पतालमै जथाभावी रूपमा फोहोर राखिँदा बिरामीलाई कस्तो प्रभाव पर्ला ?

अहिले डेंगु संक्रमण नभएको कुनै व्यक्तिले आफ्नो बिरामी लिएर अस्पताल गएमा उसमाचाहिँ डेंगु देखिने खतरा बढेको छ । अनि अस्पतालमै यस्तो भएपछि कसरी डेंगु संक्रमण घट्छ ? उता, माछामासु पसल वा अन्य व्यवसायीबाट निस्किएका फोहोर पनि बाटोमा जथाभावी छोडिदिएका हुन्छन् । फोहोर बोरामा हाली बाटोमा ल्याएर राखिन्छ । तर, बोरा बाधिँदैन । अनि त्यो बोरा कुकुरले खोतालेर फोहोर बाटो नै भरि छरिदिन्छ । अर्को रोचक कुरा त के छ भने नि हामीले पिउने पानी र ढलको पाइप जमिनमुनि सँगै राखिन्छ । हामी माथि सडकमा हिँड्छौं । सवारीसाधन चलाउँछौं । तर, तल पिउने पानी र ढलको पाइप एकसाथ राखिएको हुन्छ ।

यसले गर्दा हामीले पिउने पानीमा ढलसमेत मिसिएको हुन्छ । अनि त्यो ढल खाँदा मानिसको स्वास्थ्यमा कस्तो असर पर्ला ? बाटोमा हिँड्दा ढलका पाइप फुटेर सडक नै दुर्गन्धित भएको पनि देखिन्छ । त्यस्तै, पानीका पाइप फुटेर सडक हिलाम्मे भएको पनि देखिने गरिएको छ । उपत्यकाभित्र बग्ने खोला छेउ हिँड्नु परेमा त नाक छोपेर हिँड्नुपर्छ ।

किनकि, खोलामा ढल मिसाइएको छ । यसैले, खोला आसपास हिँड्नसमेत सकिँदैन । अहिले उपत्यकाभित्र बग्ने खोलाका पानी निकै फोहोर वा कालो देखिन्छ । त्यो पानी पिउँदा जीवजन्तु तथा पशुपन्छीमासमेत असर पर्छ । त्यसमाथि अधिकांशले खोला नै मासेर घर बनाएका छन् । उपत्यकामा घनाबस्तीमै पेट्रोल पम्प, ग्यास डिपो सञ्चालन भएका छन् । घरकै छेउमा यस्ता व्यवसाय सञ्चालन हुँदा कुनै बेला आगलागी भएमा ठूलो जनधनको क्षति हुने जोखिम बढ्दो छ । यता, पार्टी प्यालेन्स, अटो शोरुम, ड्राइभिङ सेन्टरहरू पनि बाटोकै छेउछाउ वा घनाबस्तीमा रहेका छन् । निजी विद्यालय, कलेज, अस्पतालहरू पनि बाटोकै छेउछाउमा छन् । बैंक तथा वित्तीय संस्थाहरू पनि सडक आसपास नै सञ्चालन भएका छन् ।

काठमाडौंलाई संघीय राजधानी भनिन्छ । तर, पछिल्ला केही वर्षयता काठमाडौं मुलुकको राजधानी नभई अस्तव्यस्त सहर बनेको छ । यहाँ खुला ठाउँ नै भेटिँदैन । हावापानी पनि राम्रो छैन । सवारीसाधनको धुँवासँगै विभिन्न व्यापार व्यवसायबाट निस्किएका फोहोर, प्रदूषणका कारण राजधानीको हावापानी दुर्गन्धित बनेको छ ।

- रमेश खत्री, अनामनगर

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । -संपादक

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# लामखुट्टेमा हात्तीपाइलेको संक्रमण पत्ता लगाउन अनुसन्धान

**कञ्चनपुर–** लामखुट्टेमा हात्तीपाइलेको संक्रमण पत्ता लगाउनका लागि अनुसन्धानको कार्य अगाडि बढाइएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको आर्थिक सहयोगमा अनुसन्धानको कार्य भइरहेको छ ।

सुदूरपश्चिम प्रदेशको कैलाली र लुम्बिनी प्रदेशको बाँकेमा हात्तीपाइले रोग सार्ने क्युलेक्स लामखुट्टे संकलनको कार्य पूरा भई प्रयोगशालमा परीक्षणको कार्य भइरहेको सुदूरपश्चिम स्वास्थ्य निर्देशालयका भेक्टर कन्ट्रोल अधिकृत हेमराज जोशीले बताए । कैलालीमा १० र बाँकेमा १० गरी २० जनाको प्राविधिक टोलीले ६० वडाबाट क्युलेक्स क्विनकिफेसिएटस नामक हात्तीपाइले सार्ने १८ हजार ९६९ लामखुट्टे संकलनको कार्य गरेको अधिकृत जोशीले बताए । उनका अनुसार कैलालीमा 'लाइट ट्र्याप'को माध्यमबाट तीन हजार ९७ र 'माउथ एस्पिरेटर'को माध्यमबाट छ हजार ७०९ लामखुट्टे संकलन भएका छन् ।

यसैगरी, बाँकेबाट लाइट ट्र्यापको माध्यमबाट एक हजार ६९९ र माउथ एस्पिरेटरको माध्यमबाट सात हजार ४६४ लामखुट्टे संकलन भएका छन् । गत भदौ ४ देखि असोज १० गतेसम्म प्राविधिक टोलीले लामखुट्टे संकलनको कार्य गरेका हुन्। 'लामखुट्टे संकलनको कार्य पूरा भई प्रयोगशालामा पिसिआर प्रविधिबाट परीक्षण भइरहेको छ,' उनले भने, 'परीक्षणको नतिजाका आधारमा हात्तीपाइले निवारणका लागि आगामी योजना तयार गरिने छ, लामखुट्टेको संक्रमणदर पनि पत्ता लाग्छ ।' मानिसमा मात्र संक्रमण कम भएर रोग निवारणको लक्ष्य हासिल नहुने भएकाले रोग प्रभावित जिल्लामा रोग सार्ने लामखुट्टेमा संक्रमण ०.०२५ प्रतिशतभन्दा कम हुनुपर्ने उनको भनाइ रहेको छ ।

हात्तीपाइले निवारणका लागि मानिसमा संक्रमणदर एन्टिजेनमा एक प्रतिशतभन्दा कम र माइक्रोफाइलेरियामा दुई प्रतिशतभन्दा कम हुनुपर्छ । इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका जनस्वास्थ्य अधिकृत तथा हात्तीपाइले कार्यक्रमका स्रोत व्यक्ति रामकुमार महतोका अनुसार लामखुट्टेमा संक्रमणदर पत्ता लगाउन मोलिक्युलर झेनोममोनिटरिङ सर्भे र मानिसमा संक्रमणदर पत्ता लगाउनका लागि आइडिए इम्प्याक्ट सर्भे गरिन्छ। त्यसअन्तर्गत आइभर्मेक्टिन डाइइथाइल कार्बामाइजिन साइट्रेट र अल्बेन्डाजोल नामक तीन औषधि खुवाइसकेपछि प्रभावका आधारमा अध्ययनको कार्य गरिन्छ।

सन् २०३० सम्ममा नेपालबाट हात्तीपाइले रोग निवारण गर्ने लक्ष्य लिइएको छ । हात्तीपाइले रोगबाट नेपालको ६४ जिल्ला प्रभावित रहेका छन् । प्रभावित जिल्लामा बसोबास गर्ने सबै मानिसलाई वर्षमा एकचोटि आम औषधि अभियान सञ्चालन गरेर सबै मानिसलाई औषधि खुवाउनेगरी सन् २००३ देखि कार्यक्रम सञ्चालन हुँदै आएका छन् ।

आम औषधि सेवन अभियान कार्यक्रम प्रभावित जिल्लामा कम्तीमा छ वर्षसम्म सञ्चालन गर्नुपर्ने विश्व स्वास्थ्य संगठनले सिफारिस गरेको महतोको भनाइ छ । विश्व स्वास्थ्य संगठनले नै सिफारिस गरेको औषाधि सेवन गरेर हात्तीपाइले रोग निवारणको लक्ष्य पूरा हुने बताइएको छ। आम औषधि सेवन अभियान सम्पन्न भइसकेका जिल्लामा संक्रमणदर घटेको छ कि छैन भन्ने कुराको जानकारी हासिल गर्न सर्वेक्षणको कार्य हुन्छ । सर्वेक्षणका क्रममा छदेखि सात वर्ष उमेर समूहका बालबालिकामा हात्तीपाइले रोगको एन्टिजेन दुई प्रतिशतभन्दा कम हुनुपर्ने र २० वर्षमाथिका मानिसमा हात्तीपाइले रोगको माइक्रो फाइलेरियाको संक्रमण एक प्रतिशतभन्दा कम हुनुपर्छ ।

एन्टिजेन जाँचमा दुई प्रतिशतभन्दा कम र माइक्रोफाइलेरियाको संक्रमण एक प्रतिशतभन्दा कम भएमा मात्र हात्तीपाइले रोग निवारणको लक्ष्य हासिल भएको मानिन्छ। लामखुट्टेमा हात्तीपाइलेको संक्रमणदर पत्ता लगाउन कैलाली र बाँकेमा देशमै पहिलोपटक अध्ययन-अनुसन्धानको कार्य भइरहेको छ । *रासस*

# बिपी बर्न अस्पताल पुनः सञ्चालन हुँदै

**सुनसरी (प्रस)–** धरान उपमहानगरपालिकास्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा 'बर्न अस्पताल' सञ्चालनको तयारी गरिएको छ । सञ्चालन भएर बन्द भएको अस्पताललाई पुनः सञ्चालन गर्ने तयारी भएको बिपीका सहप्रवक्ता डा. अभिजित कुमारले जानकारी दिए ।

जलेका बिरामीलाई उपचारका लागि छुट्टै सेन्टर सञ्चालनको तयारी अन्तिम चरणमा पुऱ्याएको उनले जानकारी दिए । आगलागी वा अन्य कुनै दुर्घटनामा जलेका बिरामीलाई सहज होस् तथा उपचार अभावका कारणले अकालमा ज्यान गुमाउन नपरोस् उद्देश्यले अस्पताल सञ्चालनको तयारी अन्तिम चरणमा पुगेको उनले बताए ।

जलेका बिरामीको उपचारका लागि छुट्टै भवन निर्माण गरेर ३० शयचाको बर्न सेन्टर सञ्चालनमा ल्याउन लागेको उनले बताए । बर्न सेन्टरका लागि आवश्यक जनशक्ति व्यवस्थापन भइसकेको र भौतिक पूर्वाधारको कामसमेत अन्तिम चरणमा पुगेको उनले जानकारी दिए । सबै तयारी अन्तिम चरणमा पुगेकाले अबको एक महिनाभित्रमा सेन्टर सञ्चालनमा आउने प्रतिष्ठानका सहप्रवक्ता डा. अभिजितले बताए ।

तत्काल ३० वटा शयचा भएको बर्न अस्पताल सञ्चालन गर्ने तयारी भएको र अहिले २० वटा जनरल शयचा तयारी भइसकेको र बाँकी १० वटा शयचामा आइसियू र गम्भीर किसिमका बर्नका बिरामीको उपचारका लागि व्यवस्थापन गर्ने तयारी भएको सहप्रवक्ता अभिजितले जानकारी दिए ।

अस्पतालमा लिफ्टको काम गर्न बाँकी रहेकाले काम समापन भएसँगै बर्न अपस्पताल सञ्चालन गर्ने उनले बताए । अस्पतालमा लिफ्टका लागि 'टेन्डर' आह्वान गरिसकेको छ । बर्नका बिरामी 'सिजनल' आउने गरेकाले बिपीमा ३० वटा शयचाले पुग्ने उनले बताए ।

धरानमा बर्न सेन्टर सञ्चालनमा आएपछि जलेका बिरामीलाई उपचारका लागि संघीय राजधानी धाउनुपर्ने बाध्यता अन्त्य हुने उनको भनाइ छ । यहाँ सुनसरीसहित कोशी प्रदेश र मधेस प्रदेशका जनकपुरसम्मका बिरामीले सेवा लिने प्रतिष्ठानका सहप्रवक्ता डा. अभिजितले जानकारी दिए ।


## Letang Municipality
### Office of Municipal Executive
**Letang, Morang**
**Koshi Province, Nepal**

**INVITATION FOR ONLINE BIDS**

**Date of Publication: 27 October 2024 (2081 Kartik 11)**

1. The Letang Municipality, Morang invites sealed quotations from eligible bidders for the **following procurement works as detailed in the table below.**
2. Eligible Bidders may obtain further information at the office of Letang municipality, Morang or may visit PPMO's website.3
3. Sealed bids must be submitted through the e-GP system i.e. www.bolpatra.gov.np/egp **on or before 10 November 2024 (2081 Kartik 25) at 12:00**. Bids received after this deadline will be rejected.
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission
5. Sealed Quotations shall be opened in the presence of Bidders' representatives who choose to attend on **10 November 2024 (2081 Kartik 25) at 13:00 hours** at the office of Letang Municipality, Morang
6. Cost of bidding document should be deposited in the following account:
   a. Name of the Bank: Rastriya Banijya Bank Ltd.
   b. Name of Office: Letang Municipality, Morang
   c. Office Account No: 2450100301010002
   d. Rajaswa (revenue) Shirshak No :14529
7. If bidder wishes to deposit cash security instead of bid security, the security amount should be deposited in the following account:
   e. Name of the Bank: Rastriya Banijya Bank Ltd.
   f. Name of Office: Letang Municipality, Morang
   g. Office Account No: 2450100303000002
   h. Name of Account: Letang Na.Pa.(Ga-1-1)-aantarik rajs
8. Application of VAT on items will be as per provision of Schedule-1 of Value Added Tax Act, 2052.

| S. No. | SQ No. | Particulars | Bid Security Amount (NRs.) | Cost of Bidding Document (NRs) | Bid/Bid security Validity Period (Days) |
|---|---|---|---|---|---|
| 1 | LM/MOR/SQ/G/2081-82/02 | Procurement, supply and delivery of sanitary pads | 40,000 | 1,000 | 45 days / 75 days |

**Chief Administrative Officer**


# विपद्जन्य घटनाबाट तीन अर्ब ४४ करोड बराबरको क्षति



**बागमती (प्रस)–** बाढी, पहिरो, डुबान, आगलागीजस्ता विपद्बाट चालु आर्थिक वर्ष २०८१/८२ को तीन महिनाको अवधिमा बागमती प्रदेशको उपत्यकाबाहेक १० जिल्लामा १९१ जनाको मृत्यु भएको छ ।

सबैभन्दा बढी यही असोज ११ र १२ गतेको वर्षाका कारण आएको बाढी, पहिरो र डुबानमा परी १७७ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय मकवानपुर हेटौंडाले जनाएको छ । बागमती प्रदेश प्रहरी कार्यालय मकवानपुर हेटौंडाका प्रवक्ता प्रहरी उपरीक्षक दुर्गाराज रेग्मीकाअनुसार चालु आवको साउनदेखि असोजसम्ममा पहिरोबाट १५७ जना, बाढीमा बगाएर ११ जना र डुबेर नौ जनाको मृत्यु भएको छ।

यस्तै सो अवधिमा करेन्ट लागेर आठ जना, चटचाङ लागेर चारजना र आगलागी तथा जनावरको आक्रमणबाट एक/एक जनाको मृत्यु भएको प्रहरी उपरीक्षक रेग्मीले बताए । सो अवधिमा विपद्का घटनामा परी १७३ जना घाइते र ११ जना अझै बेपत्ता रहेको उनको भनाइ छ । घाइतेको विभिन्न अस्पतालमा उपचार भइरहेको र बेपत्ताको खोजी कार्य जारी रहेको जनाएको छ ।

विपद्बाट ती जिल्लामा नौ हजार ७७८ पक्षी र ५१६ चौपायाको मृत्यु भएको प्रहरी उपरीक्षक रेग्मीले बताए। सो अवधिमा भएका विपद्का घटनाबाट १७१ पक्की, ६७३ कच्ची घर र १६१ गोठ क्षतिग्रस्त भएका बागमती प्रदेश प्रहरी कार्यालय मकवानपुर हेटौंडाले जनाएको छ । सो कार्यालयका अनुसार विपद्बाट ९३ सवारीसाधन तथा २० उद्योग क्षतिग्रस्त भएको छ। यस अवधिमा विभिन्न जिल्लाका ८३ विद्यालय र १२ वटा सरकारी कार्यालयमा क्षति पुगेको प्रहरी उपरीक्षक रेग्मीले जानकारी दिए ।

बाढी, पहिरोजन्य विपद्बाट सो अवधिमा ४८ वटा पक्की तथा झोलुंगे पुलमा क्षति पुग्दा विपद्बाट तीन अर्ब ४४ करोड ५३ लाख ६१ हजार रूपैयाँ मूल्यबराबरको धनमाल क्षति भएको बागमती प्रदेश प्रहरी कार्यालय मकवानपुर हेटौंडाले जनाएको छ । पुल तथा सडक बगाएपछि संघीय राजधानी काठमाडौंलाई जोड्ने धेरै सडक अवरुद्ध भएको र विस्तारै मर्मतसम्भार गरी क्रमशः सञ्चालन भइरहेको प्रवक्ता प्रहरी उपरीक्षक रेग्मीले बताए ।


## Bijaynagar Rural Municipality
### Office of the Rural Municipal Executive
**Khuruhuriya, Kapilvastu, Lumbini Province, Nepal**

**Re-Invitation for Online Bids**

**Second(Re-Notice) Date of Publication : 27th Oct, 2024(2081/07/11)**

1. The Bijaynagar Rural Municipality ,Office of Rural Municipal Executive, Khuruhuriya, Kapilvastu Re-invites electronic sealed quotation from eligible bidders for the contract tabled below.

| S. N. | IFB No./Works | Estimated Amount (Excluding VAT& Contingencies NRs) | Bid Security Amount (Nrs.) | Bid Validity Period | Bid Doc. Fee | Last Date and Time of Bid Submission/ opening | Notice No. |
|---|---|---|---|---|---|---|---|
| 1 | 09/SQ/WORKS/ BRM/2081-82 (Madhunagar Gau Bhitra Sadak Staronnati) | 10,82,110.07 | 27,000.00 | 75 days from the date of bid opening. | 1,000.00 | Nov.11,2024 (2079/07/26) ;12:00 Hours/ Nov.11,2024 (2079/07/26); 13:00 Hours | Second Notice |

2. Eligible Bidder may obtain further information and inspect the Sealed Quotation Document at ***https://bolpatra.gov.np/egp/*. with Public Entity Name : Bijaynagar Rural Municipality**

**Chief Administrative Officer**



**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय**
## सडक डिभिजन धनकुटा

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

*(सूचना प्रकाशन मिति : २०८१-०७-११ गते)*

यस डिभिजनबाट राष्ट्रिय दैनिकको मिति २०८१/०६/०१ गते तथा PPMO sf] E–Procurement Portal मा समेत प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरू मध्ये तपसिल वमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिको लागि मूल्याङ्कन समितिबाट सिफारिश भई आए वमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम स्वीकृतिको आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि प्रकाशित गरिएको छ।

| क्र.सं. | ठेक्का नम्बर | कामको विवरण | न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिएको बोलापत्रदाताहरूको नाम | कवोल रकम रु. (मु.अ.क.र एक सहित) |
|---|---|---|---|---|
| १. | T2/081/82-4 | Road Rehabilitation Works on Pushpalal Midhill Highway Hile-Basantapur Section (Ch.117 to 123); RD/DKT/33701138/081/82/04 | Elvis Construction Ilam-07, Ilam, Nepal | 11,133,345.21 |
| २. | T2/081/82-5 | Road Rehabilitation Works on KRM Leguwa-Kewabesi Section; RD/DKT/33701138/081/82/05 | Kewal Nirman Seewa Basantapur-3, Terhathum | 4,585,563.60 |
| ३. | T2/081/82-10 | Upgradation works of Terhathum Phedap Municiaplity ward no.5 Pushpalal Midhill Highway Ishibu Panchami to Samdhu Hyathrung Jharna, Khamlalunu Aathrai RM Ward no 1 Dadagaun road; RD/DKT/33701169/081/82/10 | REDMARK CONSTRUCTION Pvt.Ltd Charkhambe | 9,020,073.45 |
| ४. | T2/081/82-11 | Upgradation works of Guphapokhari shreejung poklabung simara road; RD/DKT/33701169/081/82/11 | CDS Nirwan Sewa Myanglung ward no.9 Terhathum | 5,157,533.44 |

**डिभिजन प्रमुख**




## ट्रेलरमा 'फिरफिरे फिरिरी'

हरर कमेडी फिल्म 'फिरफिरे फिरिरी' को ट्रेलर सार्वजनिक गरिएको छ। बिहीबार सार्वजनिक ट्रेलरले फिल्मको कथावस्तुबारे प्रकाश पार्छ। नेपालमा विरलै प्रयोग भएको जनरा हो, हरर-कमेडी। बलिउडमा यो जनरा सर्वाधिक सफल देखिए पनि नेपालमा प्रायः हरर वा कमेडी कथामा मात्र फिल्म बनेका छन्। छठ पर्वको दिन पारेर कात्तिक २२ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'फिरफिरे फिरिरी' भने हरर-कमेडी हो। अर्थात् फिल्मले हँसाउने र तर्साउने दुवै उद्देश्य बोकेको छ।




आलियाको गुनासो

# 'महिलालाई इन्टरनेटमा वस्तुजस्तो गरी हेरियो'



■ प्रभाव संवाददाता

**काठमाडौं–** बलिउड अभिनेत्री आलिया भट्टले बोटक्स र कस्मेटिक सर्जरीलाई लिएर आफ्नो मौनता तोडेकी छन्।

हालै सामाजिक सञ्जाल र मिडियामा आलियाले सर्जरी गरेपछि अनुहार बिग्रेको दाबि गर्दै ट्रोल समेत गरिएको थियो। यी रिपोर्टलाई खारेज गर्दै अभिनेत्री आलियाले आफ्नो विरुद्ध नकारात्मक बोल्ने सबैलाई कडा शब्दमा निन्दा गरेकी छन्।

आलियाले आफूले बोटोक्स गराएको दाबी गरिएको भन्दै यो झुटो भएको बताएकी थिइन्। आलियाले आफ्नो इन्स्टाग्राम स्टोरीमा लामो बयान पोस्ट गर्दै आफू कस्मेटिक सर्जरी गराइरहेको अफवाह बेकार, हास्यास्पद र हानिकारक भएको बताइन्।

आलियाले भनिन्, 'कसैले आफ्नो शरीरमा कस्मेटिक रूपमा केही गर्न चाहन्छन् वा शल्यक्रिया गराउन चाहन्छन्, यो उनको रोजाइ हो। तर यो धेरै हास्यास्पद छ कि केहि अनियमित भिडियोहरू देखा परेका छन् जसमा यो स्पष्ट रूपमा दावी गरिएको छ कि मैले बोटोक्स गराए जुन खराब भयो।'

उनले भनिन्, 'म बाङ्गो अनुहारले मुस्कुराउँछु र अनौठो ढंगले बोल्छु। अहिले तिमी ढुक्क भएर 'वैज्ञानिक' स्पष्टीकरण दिइरहेका छौ, मलाई एकातिर पक्षघात भएको दाबी गर्दैछौ। ठट्टा गर्दै छौं ?'

आलिया भट्टले भनिन्, 'कुनै प्रमाण, पुष्टि र समर्थन बिना नै आफूमाथि केही गम्भीर दाबी गरिँदै आएको छ। सबैभन्दा नराम्रो कुरा के हो भने युवा, संवेदनशील दिमागलाई प्रभावित गरिएको छ, जसले वास्तवमा यस्ता दाबिलाई विश्वास गर्न सक्छ। किन यसो भनिदै छ ? ध्यानआकर्षित गर्न ?'

साथै आलियाले महिलाको अनुहार, शरीर र व्यक्तिगत जीवनलाई इन्टरनेटमा एक बस्तु जस्तो गरि हेरिने गरेको आरोप लगाएकी छन्। उनले हरेकले आफ्नो व्यक्तित्वप्रति गर्व गर्नुपर्ने बताउदै यसलाई चिरफार गरेर हेर्न आवश्यक नभएको बताएकी छन्।

# निबन्धकार शर्माको 'धोबीघाट मेलोडी' लोकार्पण

■ प्रभाव संवाददाता

**काठमाडौं–** गीतकार एवं साहित्यकार मुकुन्दराज शर्माको निबन्धसङ्ग्रह 'धोबीघाट मेलोडी' एक कार्यक्रमबीच लोकार्पण भएको छ। लिट्टल एन्जल्स स्कुलका प्रिन्सिपल रहेका शर्माको पुस्तक शनिबार विमोचन भएको हो। निबन्धसङ्ग्रहको विद्यालयका संस्थापक एवं राज्यमन्त्री उमेश श्रेष्ठ, ललितपुर महानगरपालिकाका मेयर चिरिबाबु महर्जन, विद्या लिम्बु, डा. दयाराम श्रेष्ठ, कुमारी लामा, एसपी कोइराला, विष्णुविभु घिमिरे, अशेष मल्ल, श्रीओम श्रेष्ठ रोदन, शकुन्तला शर्मा, निर्मला शर्मा, विन्नी श्रेष्ठ तथा मान्यता शर्माले विमोचन गरेका थिए।

विमोचनपछि सबैले क्रमैसँग सो पुस्तक लेखकका स्वर्गीय पिताको तस्बिर अगाडि समर्पण गरिएको थियो। कार्यक्रम अलि पृथक् थियो, कुनै पनि व्यक्तिलाई मञ्चको व्यवस्थापन गरिएको थिएन। सबैजना दर्शकदीर्घामा नै थिए।

विमोचनपछि लेखक स्वयम्कै शब्द रहेको गीत गाइएको कार्यक्रममा पुस्तकका प्रकाशक तथा कामना न्यूज पब्लिकेसन्स्का प्रबन्ध सम्पादक दिरेकलाल श्रेष्ठले स्वागत मन्तव्य राखेका थिए। कामनाका सीईओ श्रेष्ठले शर्माको दोस्रो कृति पनि प्रकाशन गर्न पाउनु आफ्नो अहोभाग्य भएको बताए। उनले आफ्ना गुरु शर्माको निबन्धले आफ्नो मन छोएको कारण प्रकाशन गर्ने मौका पाएको बताए।

विमोचित कृतिमाथि हरिहर शर्माले आशीर्वचन दिएका थिए भने लेखक स्वयम्ले निबन्धांश वाचन गरेका थिए।

श्रीओम श्रेष्ठ, अशेष मल्ल, विष्णुविभु घिमिरे तथा एसपी कोइरालाले शुभकामना मन्तव्य दिएका थिए। शुभकामना मन्तव्यका क्रममा श्रीओम श्रेष्ठले शर्माको निबन्धसङ्ग्रहमा मौलिकपन भएको बताए। अर्का व्यक्तित्व अशेष मल्लले निबन्धकारले भावलाई समेटेर लेखिएको भाषाशैली गज्जबको भएको बताए। उनले पृथक् भाषाशैली प्रयोग गर्न सक्नु निबन्धकारको खुसी भएको बताए। उनले अहिले शंकर लामिछानेको निबन्धभन्दा कम नभएकाले दोस्रो शंकर लामिछानेको उपमा दिए।



कुमारी लामाले आफ्नो समीक्षात्मक मन्तव्य राख्दै उत्कृष्ट लेखन भएको बताइन्। अर्का समीक्षक प्रा.डा दयाराम श्रेष्ठले शर्माका निबन्धमा कविताको रिदम, कथात्मक म्युजिकल नोट, चिमोट्नुको मीठो ताल, जीवन-दर्शनको सुर, पाठकमैत्री सिम्फोनी, प्रतिक्रियात्मक साउन्ड पज तथा केही नितान्त प्राइभेट गीतको नाद सौन्दर्य पाइएको बताए। उनले भने- 'शब्दशिविरपछिको यो धोबीघाट मेलोडी कम तेजिलो, वेगिलो र जोसिलो छैन, उहाँको गद्यशैलीले मलाई पागलै बनायो।'

त्यसै गरी कार्यक्रमका प्रमुख अतिथि तथा ललितपुर महानगरपालिकाका मेयर चिरिबाबु महर्जनले भने- 'साहित्यमा कुनै नामै छैन, यस्तोमा मलाई बोलाएर अन्याय गरेको हो कि पुरष्कृत गरेको हो थाहा नै भएन।' राजनीतिक व्यक्तित्वलाई साहित्यिक कार्यक्रममा बोलाएर धोबीघाटसम्म जोडेकोमा उनले आभार व्यक्त गरे। उनले आफ्नो खेत नै धोबीघाटमुनि भएको र पुस्तकको नामकरण पनि धोबीघाट भएर आएकोमा हर्ष व्यक्त गरे। मेयर महर्जनले शिक्षा समितिको बैठकमा शैक्षिक व्यक्तित्व मुकुन्द सरले बोलेपछि आफूले बोल्नुपर्ने कुनै आवश्यकता नरहने बताए। काममा समर्पण विचारमा स्पष्टता नै चिरिबाबुको पर्याय बनेको उनको भनाइ थियो।

डा. मुनीश शर्माले आफ्ना अभिभावक तथा गुरुहरूको योगदानको स्मरण गर्दै धन्यवाद ज्ञापन गरेका थिए।

कार्यक्रमका सभापति एवं संस्थापक उमेश श्रेष्ठले ३०/३५ वर्ष अघिसम्म राम्रो रहेको साहित्यिक क्षेत्र अहिलेको पुस्तामा आइपुग्दा अलि घटिरहेको हो कि भन्ने लागेको बताए। उनले यस्तो विषम परिस्थितिमा मुकुन्द सरको कृति आउनु गौरवको विषय भएको बताए। बलासाहित्य नाटक भएको देश राम्रो मानिले बताउँदै उनले आफ्नो संस्थाबाट ३७ हजार विद्यार्थी पासआउट भएर गए पनि साहित्यको क्षेत्रमा कमै मात्र आएको बताए। आफ्नो संस्था ४४ वर्षमा पुगेको चर्चा गर्दै उनले यो धोबीघाटको मेलोडी जनजनमा पुग्न सकोस् भनी शुभकामना दिए। उनले भने- 'संस्कार हराउँदै गएको समयमा यसले कोशेढुंगा सावित गरोस्।'

२ सय २ पृष्ठको सो निबन्धसङ्ग्रह आजबाट नेपालभर पाइने भएको छ। पुस्तकको मूल्य ५ सय रहेको प्रकाशकले जनाएको छ। यस निबन्धभित्र २४ वटा निबन्धको सङ्ग्रह छ। यसलाई तीन भागमा बाँडिएको छ। पहिलो भागमा क्षणिकीहरू, दोस्रोमा अनुभूतिहरू र अन्त्यमा अन्तर्दृष्टिहरू समावेश गरिएको छ।

## रंगशाला

**आइसिसी विश्वकप लिग-२**

# सन्दीपसहितको नेपाली टिम घोषणा

# आज अमेरिकासँग भिड्दै नेपाल



**काठमाडौं (प्रस)–** अमेरिका, स्कटल्याण्ड र नेपालबीचको आईसीसी विश्वकप लिग-२ को सिरिजमा नेपालले आज (आइतबार) पहिलो खेल खेल्दैछ। अमेरिकामा हुने खेलमा आज नेपालले अमेरिकाविरुद्ध खेल्ने भएको छ।

नेपाल क्रिकेट संघ (क्यान) ले अमेरिका र स्कटल्याण्डविरुद्ध खेल्ने आइसीसी विश्वकप लिग-२ को सिरिजका लागि टिमको घोषणा गरिसकेको छ। क्यानले रोहित पौडेलको कप्तानीमा १५ सदस्यीय टिमको घोषणा गरेको हो। नेपाली टिममा देव खनाल र सागर ढकाललाई रिजर्भमा राखिएको छ।

नेपाली टिममा रोहितकुमार पौडेल (कप्तान), कुशल भुर्तेल, आसिफ शेख, अनिल साह, भीम सार्की, आरिफ शेख, कुशल मल्ल, दीपेन्द्र सिंह ऐरी, अर्जुन साउद, सोमपाल कामी, करण केसी, गुल्शन झा, रिजन ढकाल, ललित राजबंशी र सन्दीप लामिछाने रहेका छन्।

नेपालले सिरिजको पहिलो खेल आइतबार राति अमेरिकाविरुद्ध खेल्दै छ भने अक्टोबर २९ मा स्कटल्याण्डसँग, नोभेम्बर २ मा फेरी अमेरिकासँग र नोभेम्बर ४ मा फेरी स्कटल्याण्डसँग खेल्ने तालिका रहेको छ।

# भारतविरूद्ध न्युजिल्याण्डलाई सिरिज

**काठमाडौं (प्रस)–** न्यूजील्याण्डले भारतविरुद्धको टेस्ट सिरिजमा लगातार दोस्रो जित हासिल गरेको छ। न्यूजील्याण्डले दोस्रो टेस्ट ११३ रनले जितेर सिरिजमा लगातार दोस्रो जित हासिल गर्दै सिरिज जितेको हो।

योसँगै भारतले १२ बर्षपछि घरेलु मैदानमा टेस्ट सिरिज हारेको छ। यस टेस्टमा न्यूजील्याण्डले दिएको ३५९ रनको लक्ष्य पछाएको भारत २४५ रन बनाएर अल आउट भएको थियो। यसअघि न्यूजील्याण्डले पहिलो इनिंगमा २५९ रन बनाएको थियो भने भारतले १५६ रन मात्र बनाएको थियो। त्यस्तै न्यूजील्याण्डले दोस्रो इनिंगमा २५५ रन बनाएको थियो।

योजितपछि न्यूजील्याण्डले ३ खेलको टेस्ट सिरिज २-० ले जितेको छ। अब सिरिजको तेस्रो टेस्ट नोभेम्बर १ देखि मुम्बईको वाङखडे स्टेडियममा हुने छ।

### इंग्ल्याण्डविरुद्ध पाकिस्तान २-१ ले विजयी

त्यस्तै पाकिस्तानले इङ्ल्याण्डविरुद्धको टेस्ट सिरिज जितेको छ। जारी सिरिजको तेस्रो टेस्ट पाकिस्तानले ९ विकेटले जितेर सिरिजले २-१ ले जितेको हो।

इङ्ल्याण्ड दिएको ३६ रनको लक्ष्य पछ्याएको पाकिस्तानले एक विकेट गुमाएर लक्ष्य पुरा गरेको थियो। यस टेस्टमा पहिलो इनिंगमा इङ्ल्याण्डले २६७ रन बनाएको थियो भने पाकिस्तानले पहिलो इनिंगमा ३४४ रन बनाएको थियो। त्यसपछि इङ्ल्याण्डले दोस्रो इनिंगमा केवल ११२ रन बनाएर अल आउट भएपछि पाकिस्तानले ३६ रनको लक्ष्य पाएको थियो। यस सिरिजमा पाकिस्तानका साजिद खान प्लेयर अफ द सिरिज बनेका थिए। उनले यस सिरिजका २ खेलमा १९ विकेट लिएका थिए।

# एसिया क्वालिफायरअघि दिल्लीमा प्रशिक्षण गर्दै नेपाली टिम

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली महिला यू-१९ क्रिकेट टिमले विश्वकपको एशिया क्वालिफायरको तयारी गर्न भारतको नयाँ दिल्लीमा क्लोज क्याम्प गर्ने भएको छ। दिल्लीतर्फ जाने नेपाली यू-१९ टिमलाई क्यानका अध्यक्ष चतुरबहादुर चन्द लगायतले आज भैरहवामा बिदाइ गरेका छन्। नेपाली टिम दिल्लीबाटै नोभेम्बर ६ देखि हुने प्रतियोगिताका लागि दुबईतर्फ प्रस्थान गर्ने छ।

क्यानले तीन चरणको क्लोज क्याम्प गरेर एशिया क्वालिफायर खेल्न पुजा महतोको कप्तानीमा १४ सदस्यीय टिमको घोषणा गरको थियो। नेपाली टिममा पुजा महतो (कप्तान), सोनी पाख्रिन (उपकप्तान), अलिशा यादव (विकेटकिपर), मनिषा उपाध्याय, क्रिश्मा गुरुङ, साना प्रविन, स्नेहा महरा, सावित्रा धामी, त्रिशना बिक, रिया शर्मा, कुसुम गोदार, सीमाना केसी, ज्योत्स्निका मरासिनी र रचना चौधरी रहेका छन्।



२०२५ मा हुने महिला यू -१९ विश्वकपका लागि एशिया क्वालिफायरमा नेपालसहित कुवेत, थाइल्याण्ड र युएई खेल्दै छन्। नेपालले पहिलो खेल नोभेम्बर ६ मा थाइल्याण्डविरुद्ध खेल्दै छ भने दोस्रो खेल नोभेम्बर ७ मा कुवेतविरुद्ध, नोभेम्बर ९ मा युएईविरुद्ध, नोभेम्बर १० मा फेरी थाइल्याण्डविरुद्ध, नोभेम्बर १२ मा फेरी कुवेतविरुद्ध र नोभेम्बर १३ मा फेरी युएईविरुद्ध खेल्ने तालिका रहेको छ। क्वालिफायरमा शिर्ष स्थानमा रहने देश विश्वकपका लागि छनौट हुने छ।

# हिमचितुवा घिमिरे बने किकबक्सिङको विश्व विजेता

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली युवा किक बक्सर अविरल घिमिरे किक बक्सिङ खेल क्षेत्रमा ऐतिहासिक कीर्तिमान बनाउन सफल भएका छन्।

इन्टरनेशनल स्पोर्टस् किक बक्सिङ एसोसिएशनद्वारा जापानको नागोया सहरस्थित नागोया कंग्रेस सेन्टरमा आज आयोजित 'इन्टरनेशनल किक बक्सिङ' (इस्का) प्रतियोगितामा उनी फ्रान्सका बक्सर एन्टोनिन मार्कोनीलाई ढाल्दै वर्ल्ड च्याम्पियन हुन सफल भएका हुन्।

बक्सर घिमिरेले प्रतियोगिताका लागि थाइल्याण्डको फुकेट सहरमा रहेको टाइगर मोओथाई अन्तर्राष्ट्रिय क्लबमा दुई महिनाको विशेष बन्द प्रशिक्षण आफ्नै खर्चमा लिएका थिए। यो ऐतिहासिक सफलतासँगै घिमिरे इस्का र हिट किक बक्सिङ दुवै प्रतियोगिताको विश्व विजेता खेलाडी बन्न सफल भएका हुन्।

इस्काको उपाधि चुमेपछि बक्सर घिमिरेले आफ्नो जितका लागि पिता तथा मुख्य प्रशिक्षक देव घिमिरे, आफूले प्रशिक्षण लिइरहेको सिमुरा डोजो, हलसम्म आएर हौसल प्रदान गर्ने नेपाली, कोरियन तथा जापानी खेलप्रेमीलाई विशेष धन्यवाद दिएका छन्। आगामी दिनमा पनि नेपाली दर्शकहरूले यसैगरी नै हौसला दिने उनको विश्वास छ।

'हिमालय चितुवा' का रूपमा विश्व प्रसिद्ध भएका घिमिरे सो प्रतियोगितामा आमनेसामने हुने पहिलो नेपाली बक्सर हुन्। प्रतियोगिताको मुख्य आकर्षणका रूपमा रहेको अन्तिम खेल (मेन इभेन्ट म्याच) मा घिमिरेले पहिलो राउण्डमै आफ्ना प्रतिस्पर्धी मार्कोनीलाई रिङमा ढालेर 'इन्टरनेशनल किक बक्सिङ'को उपाधि चुमे।

हालसम्म प्रोफेसनल किक बक्सिङ हिट प्रतियोगिताको १४ खेलको अपराजित यात्राको जित हासिल गर्ने क्रममा हिमचितुवाले चार पटक हिट प्रतियोगिताको टाइटल म्याचको उपाधि (बेल्ट) समेत रक्षा गर्दै 'मिडल वेटको रेकर्ड' समेत कायम राख्न सफल भएका थिए।

उनले विश्व प्रसिद्ध के वान प्रोफेसनल किक बक्सिङ प्रतियोगितामा खेल्दै दुई वटा इभेन्ट आफ्नो पक्षमा पारी प्रतिस्पर्धीलाई नक आउट गर्न सफल भएका थिए।



**युद्धको पीडा** | इजरायली सेनाद्वारा बेइट लाहिया सहर छोड्न बाध्य पारिएपछि उत्तरी गाजा पट्टीस्थित जबलिया शरणार्थी शिविरमा पुगेका मानिसहरू। *तस्बिरः सिन्ह्वा*

# इजरायलद्वारा इरानमा क्षेप्यास्त्र आक्रमण



**जेरुसेलम–** इजरायलले इरानका विभिन्न सैन्य आधारमा शनिबार हवाई आक्रमण गरेको बताएको छ। इजरायली सेनाले आफ्नो आक्रमणले इरानको मिसाइल उत्पादन केन्द्रलगायत विभिन्न क्षेत्रमा क्षेप्यास्त्र आक्रमण गरेको जनाएको छ।

त्यसैगरी, इरानले राजधानी तेहरान र देशका अन्य सैन्य आधारमा भागमा इजरायली आक्रमण भएको पुष्टि गरेको छ। इजरायलले अक्टोबर १ मा इरानमाथि गरेको क्षेप्यास्त्र आक्रमणको जवाफ दिने वाचा गरेको थियो, जुन इस्लामिक गणतन्त्रले आफ्नो कट्टर प्रतिद्वन्द्वीमाथि गरेको दोस्रो प्रत्यक्ष आक्रमण हो।

'इजरायली सुरक्षा बल (आइएएफ)को विमानले इरानले इजरायली राज्यमा प्रहार गरेको क्षेप्यास्त्र उत्पादन गर्न प्रयोग गरिने क्षेप्यास्त्र उत्पादन केन्द्रहरूमा प्रहार गरेको छ,' इजरायली सेनाले एक विज्ञप्तिमा भन्यो। त्यसैगरी, आइडिएफले अतिरिक्त इरानी हवाई क्षमताहरू प्रहार गरेको छ। यससँगै हाम्रो मिसन पूरा भएको छ।' सन् २०२३ को अक्टोबर ७ मा आफ्नो इतिहासको सबैभन्दा घातक आक्रमणपछि, इजरायलले गाजामा हमाससँग लडिरहेको छ, र गत महिनाको अन्त्यदेखि, यो लेबनानमा हिजबुल्लाहसँग युद्धमा रहेको छ।

इजरायलीसेनालेएकविज्ञप्तिमार्फत इरानबाट भइरहेको महिनौंको निरन्तर आक्रमणको प्रतिकारस्वरूप इरानी सैन्य लक्ष्यहरूमा सटिक आक्रमण गरिरहेको बताएको छ। आक्रमणपछि इरानले शनिबार सबै उडानहरू स्थगित गरेकोमा पछि पुनः सञ्चालन गरिएको उड्डयन प्राधिकरणले जनाएको छ। दमास्कसस्थित इरानको कन्सुलर एनेक्समा भएको घातक आक्रमणको बदलामा इरानले अप्रिलमा इजरायली क्षेत्रमा पहिलोपटक प्रत्यक्ष आक्रमण सुरु गरेको थियो।

### इजरायलमाथि थप आक्रमण नगर्न अमेरिकाको आग्रह

यसैबीच संयुक्त राज्य अमेरिकाले हिंसाको चक्र अन्त्य गर्न शनिबार इजरायलले गरेको क्षेप्यास्त्र आक्रमणको बदलामा इरानलाई इजरायलमाथि थप आक्रमण नगर्न आग्रह गरेको छ।

'हामी इरानलाई इजरायलमाथि आक्रमण नगर्न आग्रह गर्दछौं ताकि द्वन्द्व यो चक्र थप वृद्धि नगरी अन्त्य गर्न सकियोस्,' अमेरिकी राष्ट्रिय सुरक्षा परिषद्का प्रवक्ता सीन साभेटले पत्रकारहरूलाई भने।

'उनीहरूको प्रतिक्रिया आत्मरक्षाको अभ्यास थियो र इजरायलले जनसंख्या भएका क्षेत्रहरूलाई असर नगर्नेगरी केवल सैन्य लक्ष्यहरू केन्द्रित आक्रमण गरेको थियो,' उनले बताए। इजरायलले इरानमा गरेको अक्रमणमा संयुक्त राज्य अमेरिकाको कुनै संलग्नता नरहेको कुरामा जोड दिँदै साभेटले भने, 'मध्यपूर्व क्षेत्रमा तनाव कम गर्नु हाम्रो उद्देश्य हो।' *रासस/एएफपी*

# सोलद्वारा रूस-उत्तर कोरिया सन्धिको आलोचना, जेलेन्स्कीद्वारा 'ठोस दबाब' को आग्रह





**सोल–** दक्षिण कोरियाले रुसलाई प्योङयाङसँगको 'गैरकानुनी सहयोग' रोक्न आग्रह गर्दै शुक्रबार मस्कोले उत्तर कोरियासँगको रक्षा सन्धि अनुमोदन गर्न लागेकामा 'गम्भीर चिन्ता' व्यक्त गरेको छ।

युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले त्यसको केही बेरपछि रुसले आइतबारदेखि नै आफ्नो मुलुकविरुद्ध उत्तर कोरियाली सैनिक पठाउन योजना बनाइरहेको चेतावनी दिए र विश्व नेताहरूलाई प्योङयाङमाथि 'ठोस दबाब' दिन आग्रह गरे। रुसी सांसदहरूले बिहीबार उत्तर कोरियासँगको रक्षा सन्धि अनुमोदन गर्न सर्वसम्मतिले मतदान गरे। सन्धिमा कुनै पनि पक्षले आक्रमणको सामना गर्नुपरेमा 'पारस्परिक सहायता'को व्यवस्था छ। सन्धिलाई अब संसद्को माथिल्लो सदन फेडरेसन काउन्सिलमा स्वीकृतिका लागि पठाइने छ।

दक्षिण कोरिया र संयुक्त राज्य अमेरिकाले हजारौं उत्तर कोरियाली सैनिकहरू रुसमा प्रशिक्षणरत रहेको बताएका छन्। युक्रेनले यसै साता रुसको कुर्स्क सीमा क्षेत्रको 'युद्ध क्षेत्र' मा उत्तर कोरियाली सैनिकहरू पुगेको बताएको छ। सैनिक तैनाथ गरेको पुष्टिबाट बच्दै उत्तर कोरियाले रुसमा कुनै पनि सैन्य तैनाथी अन्तर्राष्ट्रिय कानुनअनुरूप हुने बताएको छ।

'सोलले रुसमा उत्तर कोरियाली सैनिकहरूको चलिरहेको तैनाथीको बीचमा रुस-उत्तर कोरिया सन्धि अनुमोदन गरेकामा गम्भीर चिन्ता व्यक्त गर्दछ,' दक्षिण कोरियाली विदेश मन्त्रालयले एक वक्तव्यमा भनेको छ, 'दक्षिण कोरियाली सरकार उत्तर कोरियाली सैनिकहरूको तत्काल फिर्ती र गैरकानुनी सहयोगको समाप्तिका लागि दृढतापूर्वक आग्रह गर्दछ।' सोलले यस कदममाथि 'उपयुक्त उपायहरू' लिन सहयोगीहरूसँग काम गर्ने बताएको छ। साथै प्रमुख हतियार निर्यातक दक्षिण कोरियाले किएभलाई सीधै हतियार पठाउनबाट रोक्ने लामो समयदेखिको नीतिमा संशोधन गर्नसक्ने संकेत गरेको छ।

### भिडन्तको सजाय

जेलेन्स्कीले शुक्रबार रक्षा अधिकारीहरूसँगको बैठकपछि उत्तर कोरियाली सैनिकहरूलाई यस सप्ताहान्तमा युक्रेनी सैनिकहरूविरुद्ध लडाइँमा पठाउन सकिने बताए। 'गुप्तचर प्रतिवेदनहरू अनुसार अक्टोबर २७-२८ मा रुसले पहिलो उत्तर कोरियाली सैनिकहरूलाई युद्ध क्षेत्रहरूमा प्रयोग गर्ने छ,' उनले सामाजिक सञ्जालमा भने, 'युद्धमा उत्तर कोरियाको वास्तविक संलग्नतालाई आँखा चिम्लेर र अस्पष्ट टिप्पणीहरूले नभई संयुक्त राष्ट्र बडापत्रको पालना गर्न र भिडन्तको वृद्धिलाई सजाय दिन मस्को र प्योङयाङ दुवैमाथि ठोस दबाबका साथ सामना गर्नुपर्छ।'

युक्रेनी राष्ट्रपति कार्यालयका एक वरिष्ठ अधिकारीले उत्तर कोरियाली सैनिकहरूलाई या त रुसको कुर्स्क क्षेत्रमा वा पूर्वी युक्रेनमा युद्धमा तैनाथ गर्न सकिने बताए। रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले शुक्रबार राज्य टेलिभिजनमा प्रसारित एक अन्तर्वार्तामा पारस्परिक सैन्य सहायतासम्बन्धी सन्धिको धारालाई कसरी प्रयोग गर्ने भन्ने मस्कोमा भर पर्ने बताए।

'यो धारासँग हामी के कारबाही गर्छौं- त्यो अझै प्रश्नको घेरामा छ। हामी हाम्रा उत्तर कोरियाली मित्रहरूसँग सम्पर्कमा छौं,' उनले भने, 'मेरो भन्नुको अर्थ यो हाम्रो सार्वभौम निर्णय हो, हामी केही प्रयोग गर्छौं वा गर्दैनौं। कहाँ, कसरी, हामीलाई यो चाहिन्छ वा चाहिँदैन, वा उदाहरणका लागि हामी केवल केही अभ्यासहरू, प्रशिक्षण, केही अनुभव साटासाट गर्छौं- त्यो हाम्रो काम हो।'

सोल र वासिङ्टनले लामो समयदेखि आणविक-सशस्त्र उत्तर कोरियाले रुसलाई ठूलो मात्रामा हतियार पठाइरहेको दाबी गर्दै आएका छन्। उत्तर कोरियाका एक संयुक्त राष्ट्रसंघ प्रतिनिधिले संयुक्त राष्ट्रसंघीय महासभाको निःशस्त्रीकरण र अन्तर्राष्ट्रिय सुरक्षासम्बन्धी पहिलो समितिमा देशले मस्कोलाई सहयोग गर्न न त हतियार न त सैनिक नै पठाएको बताए।

'दक्षिण कोरिया र अन्यको आरोपहरू उत्तर कोरियाको छविलाई धमिल्याउने उद्देश्यले लगाइएका आधारहीन हल्लाहरू मात्र हुन्,' रिम मु सोङले भने, 'यो अमेरिका र पश्चिमी देशहरूबाट थप हतियार र वित्तीय सहयोग प्राप्त गर्न युक्रेनले तयार गरेको अर्को बदनाम अभियान हो।' दक्षिण कोरियाका प्रतिनिधिले रुसी बर्दीमा कोरियाली बोल्ने उत्तर कोरियाली सैनिकहरूका अनलाइनमा फैलिएका भिडियोहरूको कुरा उठाए, तर रिमले सैनिक तैनाथीको आरोपलाई 'फेरि पूर्णरूपमा अस्वीकार गर्ने' बताए।

यद्यपि शुक्रबार एक कूटनीतिक अधिकारीले प्योङयाङलाई रुसी भूमिमा सैनिक तैनाथ गर्ने पूर्ण अधिकार हुने तर्क राखे। 'यदि विश्व मिडियाले कुरा गरिरहेको यस्तो कुनै कुरा छ भने म यो अन्तर्राष्ट्रिय कानुनको नियमहरू अनुरूप हुने कार्य हुने छ भन्ने सोच्छु,' रुसी मामिलाका उपविदेशमन्त्री किम जोङ ग्युले भने।

### धम्की दिने उत्तेजना

दक्षिण कोरियाका राष्ट्रपति युन सुक येओलले सैनिक तैनाथीलाई 'कोरियाली प्रायद्वीप र युरोपबाहेक विश्व सुरक्षालाई धम्की दिने उत्तेजना' भनेका छन्। उनले दक्षिण कोरियाले रुससँगको युद्धमा युक्रेनलाई हतियार उपलब्ध गराउने आफ्नो स्थितिको 'समीक्षा' गर्ने बताए।

सोलले पहिले नै किएभको प्रमुख सहयोगी पोल्यान्डलाई अर्बौं डलर मूल्यका ट्याांक, तोप, आक्रमण विमान र रकेट लञ्चरहरू बेचिसकेको छ। दक्षिण कोरियाले जुनमा पोल्यान्डलाई के२ ट्यांक निर्माण गर्न आवश्यक ज्ञान हस्तान्तरण गर्न सहमति जनायो। यसलाई विशेषज्ञहरूले युक्रेनभित्र उत्पादनतर्फको एक महत्त्वपूर्ण कदम हुन सक्ने बताएका छन्। दक्षिण कोरियाको हन्वा एयरोस्पेसले पोल्यान्डलाई रकेट तोपखाना एकाइहरू आपूर्ति गर्न एक अर्ब ६४ करोड अर्ब डलरको सम्झौतामा हस्ताक्षर गरेको छ। *रासस/एएफपी*

## रूसमा कथित सैन्य तैनाथी 'अन्तर्राष्ट्रिय कानुनअनुरूप' हुने छ : *उत्तर कोरिया*

**सोल–** उत्तर कोरियाले शुक्रबार रुसमा कुनै पनि सैन्य तैनाथी अन्तर्राष्ट्रिय कानुनअनुरूप हुने बताएको छ। यद्यपि उसले सैनिक पठाएकोबारे पुष्टि गरेको छैन। 'यदि विश्व मिडियाले कुरा गरिरहेको यस्तो कुनै कुरा छ भने म यो अन्तर्राष्ट्रिय कानुनको नियमहरू अनुरूप हुने कार्य हुने छ भन्ने सोच्छु,' रुसी मामिलाका उपविदेशमन्त्री किम जोङ ग्युलाई उद्धृत गर्दै कोरियन सेन्ट्रल न्युज एजेन्सीले भन्यो।

सोल र वासिङ्टनले आणविक-सशस्त्र उत्तर कोरियाले रुसमा हजारौं सैनिक पठाएको आरोप लगाएका छन्। युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले कोरियाली सैनिकहरूलाई आइतबारदेखि नै युद्धमा पठाउन सकिने बताएका छन्। लामो समयदेखि उत्तर कोरियाले रुसलाई ठूलो मात्रामा हतियार पठाएको आरोप लगाउँदै आएको सोलले सुदूरपूर्वका सैन्य अड्डाहरूमा रुसी बर्दीमा उत्तर कोरियाली सैनिकहरू देखिएका अनलाइन भिडियोहरू देखाएको छ।

संयुक्त राष्ट्रसंघमा उत्तर कोरियाका प्रतिनिधिहरूले यी दाबीहरूलाई खारेज गरेका छन्। उत्तर कोरियाली सरकारी मिडियामा यस विषयको पहिलो उल्लेखमा उपविदेशमन्त्री किम जोङ ग्युले 'कोरियन पिपल्स आर्मीका सैनिकहरू रुस पठाइएको हल्लालाई ध्यान दिएको' बताए। 'उत्तर कोरियाको विदेश मन्त्रालय राष्ट्रिय रक्षा मन्त्रालयका कुराहरूमा प्रत्यक्ष संलग्न हुँदैन र यसलाई छुट्टै पुष्टि गर्ने आवश्यकता महसुस गर्दैन,' उनले भने, 'यदि यो अस्तित्वमा छ भने 'यो अन्तर ाष्ट्रिय कानुनको नियमहरूअनुरूप हुने कार्य हुने छ,' यसलाई गैरकानुनी भनेर वर्णन गर्न चाहने शक्तिहरू स्पष्टरूपमा अस्तित्वमा रहने छन्।'

दक्षिण कोरियाले सैनिक तैनाथीको कडा आलोचना गर्दै रुसलाई प्योङयाङसँगको 'गैरकानुनी सहयोग' रोक्न आह्वान गरेको छ। साथै, सोलले रुससँगको युद्धमा युक्रेनलाई प्रत्यक्ष हतियार उपलब्ध गराउने आफ्नो स्थितिको समीक्षा गर्ने चेतावनी दिएको छ। घरेलु नीतिले सोललाई सक्रिय द्वन्द्व क्षेत्रहरूमा हतियार बिक्री गर्न रोकेको छ तर प्रमुख हतियार निर्यातक दक्षिण कोरियाले पहिले नै किएभको प्रमुख सहयोगी पोल्यान्डलाई अर्बौं डलर मूल्यका ट्यांक, तोप, आक्रमण विमान र रकेट लञ्चरहरू बिक्री गरिसकेको छ। *रासस/एएफपी*

# युक्रेन द्वन्द्वबारे भारतीय प्रधानमन्त्री र जर्मन चान्सलरको चिन्ता



**नयाँदिल्ली–** प्रधानमन्त्री नरेन्द्र मोदी र जर्मन चान्सलर ओलाफ सोल्सले युक्रेनमा बढ्दो द्वन्द्व र यसको दुखद मानवीय परिणामहरूमाथि गहिरो चिन्ता व्यक्त गर्दै अन्तर ाष्ट्रिय कानुनअनुरूप न्यायपूर्ण र स्थायी शान्तिको आवश्यकतामा जोड दिएका छन्।

युक्रेनद्वन्द्वमाआमनागरिककोज्यान गएकोमा चिन्ता व्यक्त गर्दै दुवै नेताले गाजामा रहेका सबै बन्धकहरूलाई तत्काल रिहा गर्न पनि आह्वान गरेका छन्। शुक्रबार आयोजित सातौं भारत-जर्मनी अन्तरसरकारी परामर्शपछि यो संयुक्त वक्तव्य जारी गरिएको हो।

संयुक्त वक्तव्यमा, प्रधानमन्त्री मोदी र ओलाफ सोल्सले सार्वभौमिकता र क्षेत्रीय अखण्डताको सम्मानसहित संयुक्त राष्ट्र बडापत्रका उद्देश्य र सिद्धान्त, अन्तर्राष्ट्रिय कानुनको सिद्धान्त अनुरूप व्यापक, न्यायपूर्ण र स्थायी शान्तिको आवश्यकतालाई दोहोर्‍याए।

विशेषगरी विकासशील र अल्पविकसित देशमा विश्वव्यापी खाद्य र ऊर्जा सुरक्षाको सन्दर्भमा युक्रेन युद्धले निम्त्याएको नकारात्मक प्रभावबारे पनि दुई नेताहरूले उल्लेख गरेका छन्। प्रधानमन्त्री मोदी र चान्सलर सोल्सले विज्ञप्तिमार्फत मध्यपूर्वमा शान्ति र स्थिरता हासिल गर्ने आफ्नो साझा चासो व्यक्त गर्दै गत वर्ष अक्टोबर ७ मा इजरायलमा हमासको आक्रमणको निन्दा गरेका छन्।

दुई नेताले लेबनानमा द्रुत रूपमा बिग्रँदै गएको अवस्था बारे गहिरो चिन्ता व्यक्त गरे। उनीहरूले विश्वभर देखिएको बढ्दो द्वन्द्वको समयमा सबै पक्षलाई अन्तर्राष्ट्रिय कानुनको पालना गर्न आग्रह गरेका छन्। *रासस/एएनआई*

# सुडानमा मानवीय संकट निरन्तर बढ्दै गएको राष्ट्रसंघीय एजेन्सीको चेतावनी

**न्युयोर्क–** संयुक्त राष्ट्रसंघीय शरणार्थी उच्चायुक्त (युएनएचसीआर) र संयुक्त राष्ट्रसंघीय बाल कोष (युनिसेफ) ले लाखौं मानिसहरूलाई तत्काल सहायता चाहिएको उल्लेख गर्दै सुडानमा मानवीय संकट निरन्तर बढ्दै गएको चेतावनी दिएका छन्।

दुई एजेन्सीहरूले संयुक्त विज्ञप्तिमार्फत यस वर्ष पाँच वर्ष मुनिका ३७ लाख बालबालिका कुपोषणको जोखिममा रहेको जनाउँदै उनस्हरूले पर्याप्त सहयोग सहायता प्राप्त नगरेमा रोगहरूबाट मर्ने सम्भावना ११ गुणाले बढ्ने चेतावनी दिएका छन्। उनीहरूले सबै प्रभावित समुदायहरूमा दिगो उपस्थिति राख्न अनुमतिसहित सहायता र प्राविधिक सहयोग प्रदान गर्न जिम्मेवार राष्ट्रसंघीय एजेन्सीको महत्त्वलाई जोड दिएका छन्।

विशाल चुनौतीहरूको बावजुद, युएनएचसिआर र युनिसेफले सुडानका प्रभावितलाई सहयोग गर्ने आफ्नो प्रतिबद्धतालाई नवीकरण गरी आपत्कालीन आश्रय र पानीदेखि शिक्षा, स्वास्थ्य सेवा र मनोसामाजिक समर्थनलगायतका आधारभूत सेवाहरू प्रदान गरिरहेका छन्। सन् २०२३ अप्रिल १५ मा सुरु भएको सुडानको द्वन्द्वले आन्तरिक वा बाह्यरूपमा एक करोड १० लाखभन्दा बढी मानिसलाई विस्थापित गरेको छ भने लाखौंलाई भोकमरीको सँघारमा धकेलेको, जसमा अधिकाश महिला तथा बालबालिका रहेका छन्। *रासस/क्युएनए*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५। लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६। ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।**

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला - १६६००० | प्रति तोला - ० | प्रति तोला - २०७० |



**तिहारको चटारो** | भक्तपुर नगरपालिका-४ तालाक्वो पोटरी स्क्वायरमा तिहारका लागि आवश्यक माटाको भाडा बनाएर घाममा सुकाउँदै महिला, तिहार नजिकिएपछि यहाँका कुमाले समुदायलाई भ्याइनभ्याई भएको छ। *तस्बिरः रमेश गिरी/रासस*

# गण्डक नहरमा बाढीबाट आठ करोडको क्षति

## तत्काल निर्माण नगरे गहुँखेती सिँचाइमा समस्या हुने

■ प्रभाव संवाददाता

**जनकपुरधाम–** गत असोज ११, १२ र १३ गते अविरल वर्षासँगैको बाढीले गण्डक सिँचाइ प्रणालीमा रु आठ करोड बराबरको संरचनामा क्षति भएको छ। नहर संरचनामा भएको क्षतिका कारण सिँचाइकार्यमा समस्या भएको नारायणी सिँचाइ व्यवस्थापन कार्यालय वीरगञ्जले जनाएको छ।

पर्सा, बारा तथा रौतहटका ३७ हजार ४०० हेक्टर जमीनमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य रहेको गण्डक सिँचाइ प्रणालीमा क्षति भएपछि नहर पूर्ण रूपमा सञ्चालन तथा व्यवस्थापनमा समस्या भएको कार्यालय प्रमुख मनोज पटेलले जानकारी दिए।

उनका अनुसार बाढीले रौतहटको राजपुर भेडरहियाको १२ नं ब्लकमा रु दुई करोड, बाराको फेटामा रु तीन करोड तथा पर्साको बहुदरमाई नगरपालिकामा पुलको साइफनसहित नहर भत्किँदा रु तीन करोडको क्षति भएको छ। सिँचाइ प्रणालीअन्तर्गत नहरको डिल, कल्भर्ट, पुल तथा सहायक नहरलगायत संरचना पुनःनिर्माण तथा मर्मतका लागि रु आठ करोड खर्च लाग्ने प्रारम्भिक अनुमान रहेको कार्यालयका सूचना अधिकारी सुरेश साहको भनाइ छ।

नहर छिटो मर्मतसम्भार नगरे गहुँको सिजनमा किसानको खेतसम्म सिँचाइ सुविधा पुऱ्याउन कठिनाई हुने जनाइएको छ। भत्केको नहरलाई सञ्चालन गर्न कार्यालयसँग प्रयाप्त बजेट नरहेकाले माथिल्ला निकायमा सोहीअनुसार जानकारी गराइएको सूचना अधिकारी साहले बताए।

नवलपरासीस्थित नेपाल भारत सीमामा निर्मित गण्डक ब्यारेजबाट उक्त नहरमा सिँचाइका लागि पानी आउने गरेको छ। उक्त ब्यारेजबाट दोन, त्रिवेणी तथा तिरहुत गरी तीनवटा नहर निमार्ण गरिएका छन्। दोन नहर भारतमै ९२ किमी पार गरेर पर्साको जगरनाथपुर गाउँपालिकाको जानकी टोलबाट नेपालमा प्रवेश गरेको छ।

नेपालमा प्रवेश गरेपछि यो नहर पूर्वी नहरले चिनिन्छ। पर्सा, बारा र रौतहटमा गरी १५ ब्लकमा विभाजित नहरको लम्बाइ नेपालतर्फ ८१ किमी रहेको नारायणी सिँचाइ व्यवस्थापन कार्यालयले जनाएको छ।

सन् १९७५ तथा १९७६ मा दुई चरणमा निर्माण गरी भारत सरकारले नेपाल सरकारलाई नहर हस्तान्तरण गरेको थियो। नहरबाट तीन जिल्लाका ३७ हजार चार सय हेक्टर जग्गामा सिचित गर्ने लक्ष्य भए पनि रौतहटमा लक्षित सिँचाइ सुविधा नहरले दिन नसकेको जनाइएको छ।

# लक्ष्यको ८५ प्रतिशत राजस्व संकलन

■ प्रभाव संवाददाता

**बागमती–** आन्तरिक राजस्व कार्यालय मकवानपुरले चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो तीन महिनाको अवधिमा लक्ष्यको ८५ प्रतिशत राजस्व संकलन गरेको छ। कार्यालय प्रमुख युक्तप्रसाद सुवेदीका अनुसार चालु आव २०८१/८२ को पहिलो तीन महिनामा रु एक अर्ब ८६ करोड ७५ लाख राजस्व संकलन गर्ने लक्ष्य रहेकामा रु एक अर्ब ५७ करोड ८९ लाख राजस्व संकलन भएको छ।

यही साउनदेखि असोज महिनासम्मको अवधिमा अन्तःशुल्कतर्फ रु एक अर्ब ४१ लाख, आयकरतर्फ रु २० करोड ४४ लाख, मूल्यअभिवृद्धि करतर्फ रु १८ करोड ८५ लाख, स्वास्थ्य जोखिम करतर्फ रु १५ करोड ९९ लाख, ब्याजकरतर्फ रु एक करोड ८१ लाख र बहालकर तर्फ रु ३६ लाख राजस्व संकलन भएको प्रमुख सुवेदीले बताए।

यो अघिल्लो आर्थिक वर्ष २०८०/८१ को अवधिको तुलनामा बढी राजस्व संकलन भएको हो। अघिल्लो आव २०८०/८१ को पहिलो तीन महिनामा रु एक अर्ब ८८ करोड राजस्व संकलन गर्ने लक्ष्य रहेकामा लक्ष्यको ७५ प्रतिशत अर्थात् रु एक अर्ब ४१ करोड राजस्व संकलन भएको थियो।

प्रमुख सुवेदीका अनुसार चालु आव २०८१/८२ मा रु आठ अर्ब ४४ करोड राजस्व संकलन गर्ने लक्ष्य छ। सो कार्यालयमा आयकरतर्फ ३२ हजार आठ सय ९८, मूल्य अभिवृद्धितर्फ पाँच हजार आठ सय चार, अन्तःशुल्कतर्फ एक हजार पाँच सय ८३, विथहोल्डतर्फ सात सय पाँच र व्यक्तिगततर्फका ७९ हजार चार सय ४४ करदाता रहेका छन्। पछिल्लो समय मुलुकमा आर्थिक कारोबार बढ्नु, बैंक तथा वित्तीय संस्थाबाट ऋण प्रवाहमा सहजता हुनु, कर नीतिमा सुधार हुनु र नियमित बजार अनुगमन हुनुजस्ता कारणले अघिल्लो वर्षको तुलनामा चालु आवमा राजस्व संकलनमा सुधार आएको प्रमुख सुवेदीको भनाइ छ।

कार्यालयबाट व्यवसायी करदाता प्रमाणपत्र (प्यान) लिएकामध्ये धेरैजसो करदाताले लामो समयदेखि वार्षिक आय विवरण नबुझाएपछि कार्यालयले त्यस्ता करदाताको अभिलेख तयार पारेर कारबाही अघि बढाएको हो। वार्षिक आय विवरण नबुझाउनेमध्ये धेरैजसो रु ३० लाखसम्मको कारोबार भएका साना करदाता र उपभोक्ता समिति छन्।

साथै ती करदाताको नामावलीसहित आय विवरण बुझाउनका लागि पहल गरिदिन मकवानपुर जिल्लाका १० वटै पालिकालाई पत्राचार गरिएको प्रमुख सुवेदीले बताए। व्यावसायिक करदाता प्रमाणपत्र लिएकामध्ये कतिपय करदाताको मृत्यु भएको, कतिपय वैदेशिक रोजगारीमा गएको र कतिपयले व्यवसायी बिक्री गरिसकेको कारणले पनि समयमा आय विवरण नबुझाउने करदाताको संख्या बढी देखिएको हुनसक्ने उनको कथन छ। यस्तै सो कार्यालयले लामो समयदेखि कर नबुझाउने करदातामाथि समेत कारबाही अघि बढाएको छ। दर्ता भएर पनि लामो समयदेखि कर नबुझाउने करदाताको अभिलेख तयार गरेर बैंक खाता र सम्पत्ति रोक्का गरिएको प्रमुख सुवेदीले बताए।

# सेयर बजारमा लगानीबारे सचेतना कार्यक्रम

**नवलपुर (प्रस)–** विश्व लगानी सप्ताह-२०२४ को अवसर पारेर नेपाल धितोपत्र बोर्ड र जिल्ला उद्योग वाणिज्य संघ नवलपुरले लगानीकर्ता शिक्षा तथा सचेतना कार्यक्रम गरेका छन्। नेप्से ब्रोकर सनी सक्युरिटिज लिमिटेडसँगको सहकार्यमा नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैंडाकोटमा आयोजित कार्यक्रममा सेयर बजारमा सुरक्षित लगानी गर्न कसरी गर्ने भन्नेबारे शिक्षा प्रदान गरिएको थियो।

कार्यक्रममा नेपाल धितोपत्र बोर्डका निर्देशक विनोद पौडेलले बजारको अनियन्त्रित गतिविधिलाई बोर्डले नियन्त्रण गर्ने बताएका छन्। उनले व्यवसायको प्रवर्द्धन र लगानीकर्ताको हित संरक्षण गर्नु आफूहरूको दायित्व भएको बताए। 'लगानीकर्ताको हित संरक्षण गर्दै बजारमा पुँजी वृद्धि गर्ने हाम्रो उद्देश्य हो', उनले भने, 'लगानीकर्ताले सेयर लगानी गर्दा बुझेर तथा गहन अध्ययन गरेर लगानी गर्दा ठगिने सम्भावना रहँदैन।'

कुनै व्यक्तिले ठगी गरिरहेको भए नेपाल धितोपत्र बोर्डमा उजुरी गर्न आग्रह गर्दै उनले त्यस्ता व्यक्तिलाई कारबाहीको दायरामा ल्याइने बताए। ब्रोकरहरूले समेत आफ्नो दायित्व निर्वाह नगरेको गुनासो आउने गरेको भन्दै सेयर खरिद बिक्रीको रकम तत्काल भुक्तानी गर्न उनले निर्देशन दिए। 'सेयर बिक्री गर्ने व्यक्तिलाई ब्रोकरले सेयर बेचेको चार दिनभित्र पैसा भुक्तानी गर्नुपर्छ', उनले भने, 'यदि कसैले भुक्तानी गरेको छैन भने हामीकहाँ जुनसुकै माध्यमबाट उजुरी दिनुभयो भने हामी तत्काल कारबाही गर्छौं।'

सेयर खरिदकर्ताले समेत आफूले खरिद गरेको सेयरको भुक्तानी भोलिपल्ट नै तिर्नसमेत उनले आग्रह गरे। बजार बुझेर लगानी गर्दा लगानी डुब्ने सम्भावना नहुने भन्दै अरुको उक्साहटमा नलाग्न समेत पौडेलले आग्रह गरे।

कार्यक्रममा स्रोतव्यक्ति एवं स्टक मार्केटका विद्यावारिधि शोधकर्ता कुलचन्द्र पण्डितले सेयर बजारमा मुनाफा आर्जन गर्न लामो समयसम्म पर्खनुपर्ने अवस्था रहेको बताए। अधिकांश लगानीकर्ता चाँडै कमाउने भनेर सेयर बजारमा आउने गरेका भन्दै पाँच वर्षको अध्ययन गर्दा तीन प्रतिशत लगानीकर्ताले मात्रै कमाउने गरेको पण्डितले बताए।

# डोटीमा किबीखेती विस्तार गरिँदै

**डोटी–** जिल्लास्थित कृषि ज्ञान केन्द्रले बडिकेदार गाउँपालिका र जोरायल गाउँपालिकामा 'किबी क्षेत्र विस्तार' कार्यक्रममार्फत किबीखेती विस्तार गर्न थालेको छ। दिपायल सिलगढी नगरपालिका तथा आदर्श र बोगटान फुड्सिल गाउँपालिकामा 'हिउँदे फलफूल क्षेत्र विस्तार' कार्यक्रममार्फत किबीखेती विस्तार थालिएको हो।



किबीका बोटबाट २५ वर्षभन्दा लामो समयसम्म आम्दानी लिन सकिने भएकाले यहाँका किसानलाई यसतर्फ आकर्षित गर्न 'किबी क्षेत्र' र 'हिउँदे फलफूल क्षेत्र' विस्तार कार्यक्रम सञ्चालन गरिएको केन्द्रका प्रमुख गंगादत्त अवस्थीले जानकारी दिए।

दिपायल सिलगढी नगरपालिका-६ का हेमबहादुर मल्लले नौ वर्ष पहिले नौ वटा किबीका बोट लगाएका थिए। तत्कालीन समयमा हालको कृषि ज्ञान केन्द्रको सहयोगमा किबीखेतीको सुरुआत गरेको उनले बताए। दुई रोपनी क्षेत्रफलमा नौ बोट लगाएर खेती सुरु गरेको बताउँदै उनले अहिले खेती विस्तार गरी ४० बोट पुऱ्याएको जानकारी दिए। सुरुका चार वर्ष किबी हुर्काउन समय लागेको भन्दै मल्लले त्यसपछि उत्पादन दिन सुरु भएको बताए। हाल किबी बिक्रीबाट सबै खर्च कटाएर वार्षिक रु दुई लाखभन्दा बढी आम्दानी हुन थालेको उनले जानकारी दिए।

सुरुमा लगाएका प्रतिबोटमा वार्षिक रु ३० देखि ४० हजारको किबी फल्ने गरेको मल्लले बताए। 'जिल्लामा पहिलो पटक किबीखेती गरेकोले बजारको समस्या थियो। बिक्री गर्नु पहिले एक/दुई दाना चखाएपछि मात्र खरिद गर्नुहुन्थ्यो', उनले भने, 'अहिले भने माग बाहिरी जिल्लाबाट पनि आउने गरेको छ। उपभोक्ताले घरमै आएर खरिद गर्ने भएकाले बजारको समस्या छैन।'

किबीखेती गर्दा काँटछाँट र मलजलमा बढी ध्यान दिनुपर्ने मल्लले उल्लेख गरे। काँटछाँटसम्बन्धी ज्ञान नभएमा उत्पादनमा कमी आउने भन्दै ज्ञान केन्द्रले यससम्बन्धी तालिम दिनुका साथै आवश्यक समन्वय गरिरहेकाले किसानलाई खेती गर्न सहज भएको उनको बुझाइ छ। आगामी दिनमा एक सय बोट थप गर्ने योजना रहेको उनले जानकारी दिए।

जोरायल गाउँपालिका-१ गैराका भास्कर भट्टले पाँच सयबढी बोट लगाएर किबीखेती गरेका छन्। सात वर्ष पहिले सामाजिक सञ्जाल युट्युबमा भिडियो हेरेर किबीखेतीप्रति आकर्षित भएको बताउँदै उनले ६५ बोटबाट खेती सुरु गरेको जानकारी दिए।

तत्कालीन समयमा कृषि ज्ञान केन्द्रको सहयोगमा ५५ बोट र बाँकी आफ्नो लगानीमा खेती गर्न थालेको भट्टले अनुभव सुनाए। यस वर्षदेखि किबी बिक्री हुने उनले बताए। उनले भने, 'बारीमा चार क्विन्टल किबी छ, बिक्रीका लागि धनगढीस्थित भाटभटेनीसँग समन्वय भएको छ। यहाँबाट पनि १०/१५ किलोका दरमा माग भइरहेकाले बिक्रीमा समस्या नहुने विश्वास लिएको छु।' अर्को वर्षदेखि ५०-६० क्विन्टल किबी फल्ने भट्टले बताए। उनले किबीखेती गरिएको क्षेत्रभित्र विभिन्न किसिमका तरकारी पनि फलाउनु भएको छ।

मल्ल र भट्ट जस्तै डोटीमा किबीखेती गर्ने किसानको संख्या पछिल्लो समय बढ्दै गएको जिल्लास्थित कृषि ज्ञान केन्द्रले जनाएको छ। जिल्लामा एक हजारभन्दा बढी किबीका बोट रहेका भन्दै चारवटा फार्म सञ्चालन भइरहेका केन्द्रका प्रमुख अवस्थीले जानकारी दिए। जिल्लामा उत्पादित किबीका लागि बजारको समस्या नभएको बताउँदै भण्डारण गर्नुपर्ने अवस्था आएमा डडेल्धुरामा रहेको चिस्यान केन्द्रमा राखिने उनले उल्लेख गरे। केन्द्रले किसानलाई बिरुवा काँटछाँटसम्बन्धी तालिम दिने, औजार उपलब्ध गराउने, बजारीकरणमा समन्वयनलगायत सहयोग गरिरहेको छ। *रासस*

जलवायु परिवर्तनका असरबाट बचौं र बचाऔं

जलवायु परिवर्तनका असरलाई दृष्टिगत गरीः

- अनावश्यक उर्जाको खपत नगरौं,
- सुधारिएको चुल्हो, वायोग्याँस, सौर्य उर्जा जस्ता नविकरणीय उर्जा प्रयोग गरौं,
- सकेसम्म विद्युत्‌बाट चल्ने सवारी साधनको प्रयोग गरौं,
- वनजंगल संरक्षण र वृक्षारोपण गरौं,
- काम नलाग्ने सामानको पुनः प्रयोग, पुनः प्रशोधन गरौं,
- घरबाट निस्कने फोहोरलाई जथाभावी नफालौं,
- जैविक फोहोरलाई कम्पोष्ट मल बनाऔं,
- आफ्नो छरछिमेक र गाउँघरमा भएका परम्परागत ज्ञानलाई संरक्षण र प्रवर्द्धन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ